विश्वविद्यालयका अनुसन्धानलाई समुदायसाग जोड्नुपर्छ... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक ६३ • २०८१ साल साउन ६ गते आइतबार (21 July, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## एसईई परीक्षण प्रणालीमाथि शंका

# पुनर्योगबाट थप १४ जनाले ल्याए ४ जीपीए

**टुडे समाचारदाता**

काठमाण्डु । माध्यमिक शिक्षा परीक्षा (एसईई) परीक्षा प्रणालीमाथि अविश्वास उत्पन्न भएको छ । पुनर्योगका लागि निवेदन दिएका विद्यार्थीहरुको नतिजा प्रकाशित भएपछि परीक्षण प्रणालीमाथि नै शंका उत्पन्न हुँदा अविश्वासको अवस्था सिर्जना भएको छ ।

गत १३ असारमा सार्वजनिक माध्यमिक शिक्षा परीक्षाको नतिजामा चित्त नबुझेर पुनर्योग गर्दा थप ९४ जना परीक्षार्थीले चार जीपीए ल्याएको तथ्य बाहिर आएपछि परीक्षण प्रणालीमाथि प्रश्न चिन्ह खडा गरेको छ ।



परीक्षा नियन्त्रण कार्यालयले कक्षा १० को नतिजा सार्वजनिक गर्दा १८६ जनाले मात्र ४ जीपीए ल्याएका थिए । परीक्षामा सहभागी मध्ये करिब ४८ प्रतिशत मात्र ११ पढ्न योग्य भएका थिए भने ५२ प्रतिशत अनुत्तीर्ण भएका थिए ।

परीक्षा नियन्त्रण कार्यालयले पुनर्योग गर्न दिएको समयमा १९ हजार ६०० विद्यार्थीले आवेदन दिएका थिए । जसमध्ये ९ हजार ६४६ जनाको कार्यालयले पुनर्योगको नतिजा सार्वजनिक गर्दा थप ९४ जनाको ४ जीपीए आएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता केशवप्रसाद दाहालले विद्यार्थीको उत्तर पुस्तिका परीक्षणमा कुनै कमजोरी नभएको र विद्यार्थीले प्राप्त गरेको प्राप्तांक कम्प्युटरमा चढाउने क्रममा प्राविधिक त्रुटि भएको बताए ।

काठमाडौं विश्वविद्यालय, स्कुल अफ एजुकेशनका डीन प्रा.डा.बालचन्द्र लुईटेलले एसईईको नतिजाले शिक्षक, कर्मचारीको लापरवाहीले प्रणालीमाथि नै अविश्वास बढ्ने स्थिति सिर्जना भएको बताए ।

यसलाई मानवीय त्रुटिको नाम दिएर सामान्य बनाउन नहुने भन्दै उनले यति ठूलो कमजोरीमा संलग्नलाई दण्डित गर्नुपर्ने बताए ।

सामुदायिक विद्यालयका प्रधानाध्यापहरुको छाता संगठन प्रिन्सिपल एसोसिएसन अफ नेपाल (पान) का अध्यक्ष सुदामप्रसाद गौतमले पुनर्योगको नतिजाले परीक्षा प्रणाली कमजोर छ भन्ने देखाएको बताए ।

पुनर्योगको निवेदनपछि नतिजा फरक पर्नुले धेरै विद्यार्थीलाई अन्याय भएको देखिएको शिक्षाविद् प्रा.डा.विद्यानाथ कोइरालाको भनाइ छ । नम्बर चढाउने ठाउँमा त्रुटि भएको परीक्षा बोर्डले भनिरहेकाले ती कर्मचारीको गैरजिम्मेवारीपनले विद्यार्थी मर्कामा परेको उनले बताए ।

मानवीय त्रुटिको रुपमा गल्ती हुने जोखिमलाई कम गर्न 'क्रस चेक' नगरेर बोर्डले गल्ती गरेको प्रा.डा.कोइरालाले बताए ।

१३ असारमा सार्वजनिक एसईईको नतिजा अनुसार चार लाख ६४ हजार ७८५ जनाले एसईई दिएकामा दुई लाख ४२ हजार ३१३ जना ११ कक्षा पढ्न पाउने भएका थिए । उनीहरुमध्ये १९ हजार ६०० जनाले पुनर्योगको निवेदन दिएका थिए ।

लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार सैद्धान्तिक र आन्तरिक परीक्षाको मूल्यांकन फरक-फरक हुने व्यवस्था छ । विद्यार्थीले सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्छ ।

भने ७५ अंकको सैद्धान्तिक परीक्षा हुने विषयमा न्यूनतम २६.२५ अंक ल्याउनुपर्ने व्यवस्था छ ।

निर्देशिकामा दुईभन्दा बढी विषयमा न्यूनतम ३५ प्रतिशत अंक नपाएका र ग्रेड वृद्धि परीक्षा दिँदा पनि ३५ प्रतिशत अंक ल्याउन नसकेका परीक्षार्थीले अर्को वर्ष एनजी लागेको विषयमा मात्र परीक्षा दिन पाउने भएको छ ।

तर, ठूलो संख्याका विद्यार्थीले मौका परीक्षामा सहभागी हुन नपाउने भएपछि शिक्षा मन्त्रालयले निर्देशिका संशोधन गरेर सबै विद्यार्थीले मौका परीक्षा दिन पाउने व्यवस्था गरिसकेको छ । सो परीक्षा यही साउन २३ गते हुने भएको छ ।










# किशोरीको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुरक्षित गर्न माग



काठमाण्डु । महिला तथा किशोरीको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न माग गरिएको छ । संविधान प्रदत्त सो अधिकार सुनिश्चित गर्न राज्यले नयाँ नीति बनाउन र यसलाई कार्यान्वयन गर्न माग गरिएको छ ।

विशेष गरी लागुपदार्थ प्रयोगकर्ता महिला तथा किशोरी हिंसाको जोखिममा पर्ने जनाउँदै यसलाई अन्त्य गर्न राज्यले विशेष नीति तथा कार्यक्रम ल्याउन माग गरिएको हो । संयुक्त राष्ट्रसङ्घीय लागुऔषध तथा अपराध नियन्त्रण कार्यालय (यूएनओडिसी), नेपाल परिवार नियोजन सङ्घ, दृष्टि नेपालको संयुक्त सहकार्यमा आयोजित यौन तथा प्रजनन स्वास्थ्य अधिकार विषयक तालिमका सहभागीले लागुपदार्थ प्रयोगकर्ता महिला तथा किशोरी, एचआइभी सङ्क्रमित बढी मात्रामा हिंसामा पर्ने गरेको, अपहेलित हुनुपरेको र राज्यका तर्फबाट आफ्ना लागि बजेट विनियोजन नभएको गुनासो गरेका थिए ।

लागुपदार्थ प्रयोगकर्ता महिला तथा किशोरीहरुका लागि यौन तथा प्रजनन स्वास्थ्य अधिकार कसरी सुनिश्चित गर्ने ध्येयले आयोजित सो दुई दिने तालिममा सुरक्षित गर्भपतन, एचआइभी एड्स तथा यौन सङ्क्रमण, यसको जोखिमता न्यूनीकरणका उपाय तथा सुरक्षित व्यवहारका बारेमा जानकारी पनि दिएको थियो । तालिममा विशेष गरी भर्खर लागुपदार्थ प्रयोग गर्न सुरुआत गरेका, एचआइभी सङ्क्रमित र यौनिक तथा लैगिक अल्पसङ्ख्यक पनि सहभागिता रहेको थियो । उनीहरुलाई नेपाल परिवार नियोजन सङ्घका सेवा प्रदायक चिकित्सक र विषय विज्ञद्वारा यौन तथा प्रजनन स्वास्थ्य अधिकारका विविध आयमका बारेमा जानकारी प्रदान गरिएको थियो ।

तालिमको शुभारम्भमा युएनओडिसी रिना पाठकले महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न यस क्षेत्रमा लगानी बढाउन आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "महिला तथा किशोरीलाई हिंसाको जोखिम हुन यस्ता तालिम महत्वपूर्ण हुन्छन् ।" दृष्टि नेपालका अध्यक्ष परिना सुब्बाले लागुपदार्थ प्रयोगकर्ता महिला तथा किशोरीका लागि राज्यले विशेष कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "लागुपदार्थ प्रयोगकर्ता महिला तथा किशोरी, एचआभी/एड्स सङ्क्रमित, तेस्रो लिङ्गीको यौन तथा प्रजनन स्वास्थ्य अधिकार रक्षा गर्नु आवश्यक छ ।"

सङ्घको सञ्चार तथा पैरवी अधिकृत जमूना सिटौलाले सामान्य अवस्थाका साथै विपद्का समयमा ती समुदाय अझ बढी हिंसामा पर्न सक्ने चर्चा गर्दै यस्ता समुदायलाई सेवाबाट वञ्चित हुन नदिन सचेतना आवश्यक पर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "त्यस्तो अवस्थामा कसरी कहाँ र कोसँग समन्वय गर्ने भन्ने पनि सूचना प्रदान गर्नुपर्छ, यस्तो अवस्थामा सङ्घद्वारा सञ्चालित हेल्पलाइन सेवामा सम्पर्क गर्नुपर्छ ।"

तालिम पश्चात् सहभागीको पाठेघरको मुखको क्यान्सर (स्क्रिनिङ), यौन सङ्क्रमण तथा अन्य सेवाहरु सङ्घका केन्द्रीय क्लीनिकमा निःशुल्क उपलब्ध गराइएको थियो । सञ्चार तथा पैरवी अधिकृत सिटौलाले भन्नुभयो, "सङ्घले अब केही दिनभित्र लागुपदार्थ प्रयोगकर्ताको सुधार गृहमा गएर सचेतना साथै स्वास्थ्य शिविर आयोजना गर्न लागेको छ ।"तालिममा सङ्घको निमित्त कार्यक्रम निर्देशक प्रमिज थापा, नर्स सत्या भण्डारी, सङ्घको काठमाडौं उपत्यका शाखाका सदस्य रवी श्रेष्ठ, किरण मानन्धर, सङ्घको युवा शाखाका व्यवस्थापक प्रवीण खड्का, सङ्घका मेडिकल व्यवस्थापक डा ओम महर्जन, डा इलिजा अर्यालले तालिममा प्रशिक्षण दिनुभएको थियो ।रासस

# उद्योग मन्त्रालयको सुधारका लागि सुझाव सङ्कलन गर्दै मन्त्री भण्डारी



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले समग्र मन्त्रालयको सुधारका लागि कार्ययोजना बनाउन विभिन्न पक्षबाट राय सुझाव सङ्कलनका लागि १० दिने अभियान सुरु गर्नुभएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र सुधार कार्ययोजना तयारीसम्बन्धी अन्तरक्रिया आइतबारबाट सुरु हुने मन्त्री भण्डारीको सचिवालयले जनाएको छ । मन्त्रालयमा नै सञ्चालन हुने दश दिने अन्तरक्रियामा हरेक दिन विभिन्न क्षेत्रका व्यक्ति सहभागी हुने जनाइएको छ ।

उद्योगमन्त्री भण्डारीका अनुसार सुधार कार्ययोजनामा समावेश हुने विषयमा कानून तथा नीति परिमार्जन, 'स्टार्टअप'को विकास तथा प्रवर्द्धन, औद्योगिक प्रवर्द्धन, लगानी प्रवर्द्धन, प्रविधि हस्तान्तरण र सीप विकास, उत्पादकत्व अभिवृद्धि, औद्योगिकरण, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन, बहुपक्षीय तथा द्विपक्षीय व्यापार, विदेशी तथा स्वदेशी लगानी प्रवर्द्धन, औद्योगिक बौद्धिक सम्पत्ति (ट्रेडमार्क, डिजाइन, पेटेन्ट) रहेका छन् ।

संस्थागत सुधार, दर्ता/ अनुमति/ इजाजत/ स्विकृति/ नवीकरण/ खारेजी/ एकल विन्दु/ अनुगमन, कम्पनी प्रशासन, दर्ता, खारेजी, अद्यावधिक, सार्वजनिक संस्थान व्यवस्थापन/बन्द तथा रुग्ण उद्योग सञ्चालन, औद्योगिक तथा व्यापार पूर्वाधार विकास (औद्योगिक क्षेत्र/ विशेष आर्थिक क्षेत्र/ औद्योगिक ग्रामलगायत), खानी तथा खनिज पदार्थको अन्वेषण, उत्खनन् इजाजत खानीजन्य उद्योग प्रवर्द्धन, गुणस्तर प्रयोगशाला विकास/प्रमाणिकरण, आपूर्ति व्यवस्थापन, बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण र हरित औद्योगिक विकासलषयत विषयमा छलफल गरिने जनाइएको छ ।

अन्तरक्रियामा निजी क्षेत्रका छाता सङ्गठन, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत विभिन्न मन्त्रालयका प्रतिनिधि, राष्ट्रिय योजना आयोग, नीति अनुसन्धान प्रतिष्ठान, आर्थिक क्षेत्रका सञ्चारकर्मी, विभिन्न विश्वविद्यालयका प्रतिनिधि, विद्यार्थी सङ्गठनका प्रतिनिधि, उपभोक्ता अधिकारकर्मीहरु, पेशागत सङ्गठनका प्रतिनिधि, सम्बन्धित वस्तुगत महासङ्घ, प्रत्यक्ष बिक्री सम्बद्ध प्रतिनिधि सहभागी रहने जनाइएको छ ।

अन्तरक्रियामा संसदीय समिति, प्रमुख राजनीतिक दलका सम्बद्ध पदाधिकारी, राजनीतिक दलका उद्योग वाणिज्य तथा आपूर्ति क्षेत्र सम्बद्ध पदाधिकारी, प्रदेशका मुख्यमन्त्री एवं उद्योग तथा वाणिज्यमन्त्री, नगरपालिका र गाउँपालिका सङ्घ, पूर्वमन्त्री, पूर्वसचिव तथा विषय विज्ञको सहभागिता रहने मन्त्री भण्डारको सचिवालयले जनाएको छ ।रासस

# सरकारी ऋण २४ खर्ब ३४ अर्ब नाघ्यो, गत आवमा ऋण तिर्न तीन खर्ब खर्च




काठमाण्डु । नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण रु २४ खर्ब ३४ अर्ब तीन करोड नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा मात्र रु एक खर्ब ३४ अर्ब ६८ करोड ४१ लाख सरकारी ऋण थपिएको छ ।

कार्यालयले प्रकाशित गरेको '२०८१ असार मसान्तसम्मको सार्वजनिक ऋणको संक्षिप्त प्रतिवेदन' अनुसार २०८० साउनमा रु २२ खर्ब ९९ अर्ब ३५ करोड बराबर रहेको सरकारी ऋण २०८१ असार समान्तसम्म बढेर रु २४ खर्ब ३४ अर्ब तीन करोड ६५ लाख पुगेको हो । वैदेशिक मुद्राको समायोजनपछिको बाँकी ऋण दायित्व रु २४ खर्ब ३३ अर्ब २३ करोड ९४ लाख बराबर छ । गत आर्थिक वर्षको अन्त्यसम्ममा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को आधारमा सार्वजनिक ऋणको प्रतिशत ४२ दशमलव ६५ प्रतिशत बराबर हो ।

कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋणको दायित्व ११ खर्ब ८० अर्ब ९० करोड १८ लाख अर्थात् जिडिपीको २० दशमलव ७० प्रतिशत र बाह्य ऋणको दायित्व रु १२ खर्ब ५२ अर्ब ३३ करोड ७६ लाख अर्थात् जिडिपीको २१ दशमलव ९५ प्रतिशत पुगेको छ ।गत आर्थिक वर्ष २०८०/८१ मा सरकारले जम्मा चार खर्ब ५२ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा असार मसान्तसम्ममा रु तीन खर्ब ५८ अर्ब दुई करोड ९५ लाख ऋण प्राप्ति भएको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ७९ दशमलव ०८ प्रतिशत छ।

गत आर्थिक वर्षका लागि ऋण परिचालनको लक्ष्यमध्ये आन्तरिक ऋण प्राप्ति ९७ दशमलव ६८ र बाह्य ऋण ५८ दशमलव १० प्रतिशत रहेको छ। आन्तरिकतर्फ रु दुई खर्ब ४० अर्ब ऋण उठाउने लक्ष्य रहेकोमा रु दुई खर्ब ३४ अर्ब ४२ करोड उठाइएको छ भने बाह्यतर्फ रु दुई खर्ब १२ अर्ब ७५ करोड ऋण उठाउने लक्ष्य रहेकोमा रु एक खर्ब २३ अर्ब ६० करोड बराबर उठाइएको हो ।

गत आर्थिक वर्षमा ऋण सेवा खर्चका लागि रु तीन खर्ब ३० अर्ब वार्षिक बजेट विनियोजन भएकोमा गत असार मसान्तसम्म रु तीन खर्ब पाँच अर्ब ३७ करोड ७१ लाख बराबर भुक्तानी भएको छ । यो वार्षिक विनियोजनको आधारमा ९२ दशमलव ५४ प्रतिशत बराबर हो ।कुल गार्हस्थ्य उत्पादनको आधारमा कुल ऋण सेवा खर्च पाँच दशमलव ३५ प्रतिशत बराबर हो । गत आर्थिक वर्षमा सरकारले रु दुई खर्ब २३ अर्ब ३४ करोड साँवा भुक्तानी गरेको छ भने रु ८२ अर्ब तीन करोड १७ लाख बराबर ब्याज भुक्तानी गरेको छ ।रासस

# मनसुनी विपद् : मृतकका परिवारलाई रु दुई लाखका दरले राहत निकासा

काठमाण्डु । मनसुनी विपद्मा परी ज्यान गुमाएका ६९ जनाका परिवारलाई मापदण्ड अनुरुप रु दुई लाखका दरले राहत वितरणका लागि जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार अहिलेसम्म मृत्यु भएका ६९ जनाका परिवारका लागि एक करोड ३८ लाख निकासा भएको र उक्त रकमबाट कतिपय जिल्लाले प्रक्रिया पुऱ्याएर पीडितपरिवारलाई राहत वितरण पनि गरिसकेका छन् ।

मनसुनको अवधिमा सबै प्रकृतिका विपद्मा परेर अहिलेसम्म एक सय २५ भन्दा बढीको मृत्यु भइसकेको छ ।

त्यसमा सबैभन्दा बढी बाढीपहिरो र चट्याङका कारण मानवीय क्षति भएको छ ।मनसुनका समयमा यही देशभर परेको भारी वर्षाका कारण विपद्का घटना बढेपछि उच्च जोखिममा रहेका एक सय २५ जनालाई सुरक्षा निकायद्वारा जीवित्तै उद्धार गर्न सफल भएको पनि प्राधिकरणले जानकारी गराएको छ ।

प्राधिकरणका प्रवक्ता उपसचिव डा डिजन भट्टराईले ओखलढुङ्गा, ताप्लेजुङ, कालीकोट र बझाङलगायत जिल्लाबाट हेलिकप्टरमार्फत उद्धार गरिएको पनि जानकारी दिनुभयो । शुक्रबार मात्रै गएको एक महिनामा भएको मनसुनी विपद्को अवस्था प्रतिवेदन सार्वजनिक गर्दै प्राधिकरणले जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रसलगायत सङ्घ संस्थाद्वारा प्रभावित परिवारलाई खाद्यान्न तथा गैरखाद्यान वस्तु वितरण गरिएको जानकारी दिएको छ ।

प्रतिवेद अनुसार मनसुनबाट प्रभावित परिवारलाई तत्काल राहतस्वरुप रु १५ हजारदेखि २० हजारसम्म वितरण गरिएको जनाइएको छ । प्रवक्ता भट्टराईका अनुसार रेडक्रसबाट हालसम्म सात सय ४५ थान तारजाली, दुई सय ९५ थान ब्ल्याङ्केट, दुई सय पाँच थान म्याट्रेस, एक सय २५ थान भाँडाकुँडा, एक सय थान झुल, दुई सय २५ थान सरसफाइ किट, एक हजार एक सय ३८ मिटर कपडा उपलब्ध गराइएको र गृह मन्त्रालयमातहत निकायबाट पाँच सय २० थान त्रिपाल, ५० थान टेन्ट, तीन सय थान ब्ल्याङ्केट, उक सय थान म्याट्रेस र ५० थान स्लिपिङ ब्याग उपलब्ध गराइएको छ ।रासस




# बाढी र पहिरोका कारण ४८ घर परिवार विस्थापित

त्रिवेणी । रुकुमपश्चिममा बाढीपहिरोका कारण हालसम्म ४८ घर परिवार विस्थापित भएका छन् । आठबिसकोट नगरपालिकामा ४५ र बाँफिकोट गाउँपालिकामा तीन घरपरिवार विस्तापित भएको जनाइएको छ ।

जिल्लामा बाढी र पहिरोका कारण एक हजार छ सय ६१ घरपरिवार उच्च जोखिममा रहेको जिल्ला विपत् व्यवस्थापन समितिले जनाएको छ । बाढी र पहिरोको उच्च जोखिममा आठबिसकोट नगरपालिकाकै घर धेरै रहेको समितिको भनाइ छ । आठबिसकोटमा नगरपालिकामा एक हजार पाँच सय ५७ घरपरिवार बाढी र पहिरोको उच्च जोखिममा रहेको जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्ष एवम प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तले बताउनुभयो । उहाँका अनुसार बाँफिकोट गाउँपालिकामा ५४ र मुसिकोट नगरपालिकामा ५० घरपरिवार उच्च जोखिममा छन् । उक्त परिवार जोखिममै बस्न बाध्य छन् ।

जोखिममा रहेका घर परिवारलाई तत्काल अस्थायी आश्रय स्थलका लागि जिल्ला विपत् व्यवस्थापन समितिले टेन्ट माग गरेको छ ।

तत्कालका लागि एक हजार सात सय नौ थान टेन्टलगायतका अत्यावश्यक सामग्रीको व्यवस्था गर्न राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण समक्ष माग गरिएको जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी पन्तले जानकारी दिनुभयो ।

जिल्लामा पर्ने मध्यपहाडी राजमार्ग, राप्ती राजमार्ग तथा अन्य ग्रामीण सडक मनसुनजन्य विपत्का कारण अवरुद्ध हुने अवस्थालाई मध्यनजर गर्दै सडक अवरोध हटाउनका लागि डोजर, सडक मजदुरलगायतका स्रोत साधनहरू तयारी अवस्थामा राखिएको बताएको छ ।गत सोमबार राति आठबिसकोट नगरपालिकाको १२ गिजागार खोलामा बाढी आउँदा झिनचौर बगरमा अस्थायी आवासमा सुतिरहेका तीन बालिकाको मृत्यु भएको थियो भने एक जना अझै बेपत्ता छन्। विस्थापित परिवारलाई नजिकै रहेको कर्णाली वेभरेज र काष्ठ उद्योगमा स्थान्तरण गरिएको विपत् व्यवस्थापन समिति रुकुम पश्चिमले जनाएको छ ।रासस

## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट जनकपुर जाने क्रममा मिति २०८०।७।१० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : कंगन कुमारी**
**सिम्बोल नं.: २१७०२८२५**
**ठेगाना:पिपरा-७, महोत्तरी**
**हाल: गौशाला न.पा-५, महोत्तरी**
**मो.नं.९८०४८३४८९१**

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| बृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मधेस प्रदेशको मुख्यमन्त्री **सतिशकुमार सिंहले** शनिबार नेकपा एमालेका केन्द्रीय सचिव एवं पूर्वमन्त्री रघुवीर महासेठको निजी निवास जनकपुरधाममा समसामयिक राजनीति विषयमा बृहत् भेटघाट । *तस्बिरः रासस*

# विपदमा परी मृत्यु हुनेको संख्या १२८ जना पुग्यो

काठमाण्डु । यो वर्षको मनसुन अवधिमा विपत्तिमा परेर आजसम्म एक सय २८ जनाको मृत्यु भएको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार मनसुन सुरु भएको दिन गत जेठ २८ गतेदेखि शनिबारसम्म ४२ दिनको अवधिमा अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायत विपद्परी शनिबार दिउँसोसम्म एक सय २८ जनाको मृत्यु र एक सय ४३ जना घाइते भएका छन् ।प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार बाढी, पहिरोलगायत विपद्मा परी काठमाडौँ उपत्यकामा दुई, कोशी प्रदेशमा २२, मधेस प्रदेशमा पाँच,



बागमती प्रदेशमा २२, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा नौजनाको ज्यान गएको छ ।

बाढीका कारण जम्मा एक सय ८२ घर डुबानमा परेका तथा दुई सय २८ वटा घर, ८३ वटा गोठ, ४३ वटा पुल, एक विद्यालय र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको छ । विपद्मा परी पाँच सय ८९ वटा पशुचौपाया मारिएका छन् । उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार सात सय ७९ घरपरिवार विस्थापित भएका छन् ।रासस

# मुख्यमन्त्रीद्वारा कर्णाली बृहत् वृक्षरोपण उत्सव उदघाटन

कर्णाली । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले काँक्रेविहारलाई खुला प्राकृतिक चिडियाखानाका रूपमा विकास गर्नुपर्ने बताउनुभएको छ ।

उद्योग वाणिज्य सङ्घ सुर्खेतद्वारा शनिबार आयोजित 'कर्णाली बृहत् वृक्षरोपण उत्सव' उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री कँडेलले पुरातात्विक तथा ऐतिहासिक महत्व बोकेको काँक्रेविहार जङ्गललाई हिंस्रकबाहेक अन्य वन्यजन्तुसँग मित्रवत् सम्बन्ध कायम हुने वातावरण तयार गर्नुपर्नेमा जोड दिनुभयो । "पूर्वाधार विकास निर्माण हुँदैछ, यहाँ ट्री-गार्ड र बाटोसँग जोडिएका रूखमा सोलारको व्यवस्था गर्न सकिएमा यसको सुन्दरता अझ बढ्ने छ । यसतर्फ पनि सोच्नुपर्ने आवश्यकता छ", उहाँले भन्नुभयो,

मुख्यमन्त्री कँडेलले वृक्षरोपण गरेर मात्र नपुग्ने भएकाले वृक्षको संरक्षण तथा सदुपयोग गर्नसक्नुपर्नेमा जोड दिनुभयो । काँक्रेविहारका साथै बुलबुलेमा गरिँदै आएको वनभोजका गतिविधि आगामी दिनबाट व्यवस्थित गर्नुपर्ने मुख्यमन्त्री कँडेलको भनाइ थियो ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव डा केदार बरालले वनजङ्गल जोगाउनु सबै क्षेत्रको सरोकार भएको धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "पृथ्वी सबैको साझा घर हो, यसलाई जोगाउनु पनि हाम्रो साझा दायित्व हो । पृथ्वी जोगाउनमा वनको प्रधान भूमिका हुनाका साथै पर्यावरणीय सुन्दरता कायम राख्नसमेत ठूलो योगदान पुग्ने भएकाले



यसलाई जोगाउन लाग्नुपर्छ ।"

कर्णाली प्रदेश अस्पताल सुर्खेतका बालरोग विशेषज्ञ तथा अभियन्ता डा नवराज केसीले भावी पुस्ताको सुख र खुसीका लागि वृक्षरोपण गर्न अपरिहार्य रहेको बताउनुभयो । डिभिजन वन कार्यालय सुर्खेतका डिभिजन वन अधिकृत वसन्तबाबु श्रेष्ठले विसं २०५९ वैशाख १ गते नेपालकै पहिलो संरक्षित वनका रूपमा घोषित काँक्रेविहारको पर्यावरण जोगाउने उद्देश्यले वृक्षरोपण गरिएको बताउनुभयो । उहाँका अनुसार धार्मिक महत्व र सुन्दरतासँग जोडिएका ज्याकाराण्डा, वीरेन्द्रफूल, मसला, कपुर, नीम र छतिवनका करिब तीन सय वृक्षरोपण गरिएका छन् । वीरेन्द्रनगर-२ को आदर्श सामुदायिक वनमा एक हजार छ सय र वडा नं ५ को रामजानकी सामुदायिक वनमा १० हजार सात सय वृक्षरोपण गरिएको वन कार्यालय सुर्खेतले जनाएको छ ।रासस

# वन्यजन्तुबाट पीडित परिवारलाई प्रदेश सरकारको राहत

गुलरिया । बर्दियामा वन्यजन्तुबाट ज्यान गुमाएका तथा घाइते व्यक्तिका परिवारलाई राहत हस्तान्तरण गरिएको छ । डिभिजन वन कार्यालय बर्दियाको समन्वयमा वन तथा वातावरण मन्त्रालय लुम्बिनी प्रदेशले वन्यजन्तुबाट पीडित भएकाहरूको परिवारलाई राहत उपलब्ध गराएको छ ।

बर्दियामा आर्थिक वर्ष २०८०/८१ मा वनक्षेत्रअन्तर्गत वन्यजन्तुबाट भएको क्षतिको राहतअन्तर्गत मृत्युवरण गरेका व्यक्तिको परिवारलाई रु आठ लाख र घाइतेका परिवारलाई रु एक लाख ५० हजारको चेक हस्तान्तरण गरिएको वन तथा वातावरण मन्त्रालय लुम्बिनी प्रदेशका सचिव मोहनराज काफ्लेले जानकारी दिनुभयो ।

बर्दियाको मधुवन नगरपालिका-३ का मृतक कलि वंशीमगरका छोरा प्रेम वंशीमगर, वडा नं ५ का मृतक गायत्री डाँगीका पति नारायणकुमार डाँगी, बारबर्दिया नगरपालिका-४ का मृतक सुमित थारूका पिता रामशङ्कर थारूलाई रु आठ लाखको चेक हस्तान्तरण गरिएको छ ।

यस्तै घाइते बारबर्दिया नगरपालिका-३ का साहिल सुनारका पिता प्रेमबहादुर सुनारलाई रु एक



लाख ५० हजारको चेक हस्तान्तरण गरिएको जानकारी दिँदै सचिव काफ्लेले हरेक वर्ष वन्यजन्तुको आक्रमणले मानवीय क्षति वृद्धि भइरहेकाले नीतिगत तहमै सुधार गर्नुपर्ने औँल्याउनुभयो । नीति बनाउँदा समुदायलाई वनजङ्गलको पहुँचबाट टाढा राखी जीवनयापन गर्न सहज हुने किसिमका उपाय अवलम्बन गर्नुपर्नेमा उहाँको जोड छ । वनजङ्गल अतिक्रमण गरी बसेका परिवारलाई सरकारी जग्गा वा जग्गा खरिद गरी एकीकृत बस्ती बसाल्नु उचित हुने उहाँको सुझाव छ ।

लुम्बिनी प्रदेशसभा नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक जन्मजय तिमिल्सिनाले स्थानीय समुदायबाट वन, वन्यजन्तु संरक्षण भएकाले जङ्गल नजिकका बस्तीको उचित व्यवस्थापन गर्दै वनमाथिको परनिर्भरता घटाउन आवश्यक रहेको बताउनुभयो । वन्यजन्तुबाट पीडा भोगिरहेका नागरिकबारे संसद्मा आवाज उठाउँदै आएको स्मरण गराउँदै तिमिल्सिनाले आफ्नै नेतृत्वमा बर्दियाका आठजना सांसदको एकताबाट राहत ल्याउन सफल भएको स्मरण गराउनुभयो । बर्दियाको विकास, समृद्धिसँगै वन्यजन्तुबाट पीडित परिवारको न्यायका लागि सधैँ अग्रमोर्चामा रहने उहाँको प्रतिबद्धता छ ।

लुम्बिनी प्रदेशसभा सदस्य मालती सोडारी र भुवनेश्वर चौधरीले मानव-वन्यजन्तु द्वन्द्व घटाउन बर्दियाका लुम्बिनी प्रदेशमा सहभागी सबै सदस्य एक भएर लाग्ने प्रतिबद्धता जनाउनुभएको छ । डिभिजन वन कार्यालय बर्दियाका प्रमुख प्रविण बिडारीले मानव-वन्यजन्तुबीचको द्वन्द्व घटाएर मात्र नहुने भएकाले मानव-वन्यजन्तुबीच सहअस्तित्व कायम गराउन वन कार्यालयलगायत स्थानीय सरकारबाट आएका सुझावलाई अविलम्ब कार्यान्वयन गरि नुपर्ने बताउनुभयो । समयमै बजेट अनाउँदा राहत वितरणमा ढिलाइ भएकाले आगामी दिनमा राहत वितरण प्रक्रिया सहज हुने प्रमुख बिडारीले विश्वास व्यक्त गर्नुभयो ।रासस

# सशस्त्र प्रहरी बलः विपद्मा खोज तथा उद्धारदेखि राजस्व सङ्कलन

धरान । जिल्लास्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ हेडक्वाटरले विपद्मा खोज तथा उद्धार, चोरी तस्करी तथा लागुऔषध नियन्त्रण र विपद् जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकतामा राखेर कार्यसम्पादन गर्दै आएको छ ।गत आर्थिक वर्षमा सशस्त्र प्रहरी बल नेपाल नम्बर ४ हेडक्वाटरले विपद् खोज तथा उद्धारका क्रममा कोशी प्रदेशका विभिन्न नदी र खोलामा डुबेका १० जना शव निकालिएको जनाएको छ ।

विपद्मा फसेकाको खोज तथा उद्धारका लागि कोशी नदीमा नमूना अभ्यास गर्ने क्रममा डुबेका १३ जना र गत चैत २७ गतेदेखि बराहक्षेत्र चतराधाममा सञ्चालन भएको पूर्णमहाकुम्भ मेलामा फसेका १० जनाको जीवित उद्धार गरिएको कार्यालय प्रमुख सशस्त्र प्रहरी उपरीक्षक समेनन्द बज्राचार्यले जानकारी दिनुभयो ।सोही अवधिमा कार्यालयले विभिन्न चोरी तथा अवैध सामान बरामदका शीर्षकमा प्रतिवादीलाई कारबाही गरी रु १७ करोड ९९ लाख १३ हजार चार सय नौ राजस्व सङ्कलन गरेको बज्राचार्यले बताउनुभयो ।

जिल्लास्थित सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बसन्तपुरबाट खटिएको टोलीले जाँच गर्ने क्रममा घुस्की नाकाबाट हरिनगरतर्फ जाँदै गरेको बा १६ प ७६१३ नम्बरको कारबाट रु एक करोड एक लाख, विशेष सुराकीका आधारमा हरिपुरबाट मकै भनी रु ४५ लाख ५० हजार बराबरको चिनीलगायत विभिन्न समयमा अवैध सामग्री बरामद गरिएको बज्राचार्यले जानकारी दिनुभयो ।

गत आवमा एक सय १५



वटा सडक दुर्घटना हुँदा २७ को मृत्यु, दुई सय ११ जना घाइते भएका छन् । हेडक्वाटरले एक सय ४१ आगलागीका घटनालाई नियन्त्रण गरिएको जनाएको छ ।

# 'सार्वजनिक निकायले सूचना दिए सरकारप्रतिको विश्वसनीयता बढ्छ'

काठमाण्डु । संविधान एवं कानुनअनुसार सार्वजनिक निकायले दिनुपर्ने सूचना दिएमा नागरिकमा सरकारप्रतिको विश्वसनीयता बढ्ने भएकाले सूचना दिने संस्कृतिको विकास गर्नुपर्नेमा जोड दिइएको छ ।

सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले शनिबार गोकर्णेश्वर नगरपालिकामा आयोजना गरेको 'सूचनाको हकको प्रवर्द्धनका लागि सरोकारवालाको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रममा सांसद शान्ति श्रेष्ठले सूचनाको हकले पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गर्ने भएकाले यसले भ्रष्टाचार एवं अनियमितता रोक्न योगदान गर्ने बताउनुभयो ।

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मनोज दुवाडीले प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक भएकाले माग्नै नपर्ने गरी सार्वजनिक निकायले नियमित रूपमा काम कारबाहीलाई पारदर्शी तरिकाले सार्वजनिक गर्नुपर्नेमा जोड दिनुभयो । नेपालको संविधान २०७२ मा उल्लेख भएका ३१ वटा मौलिक हकमध्ये सूचनाको हक पनि एक भएकाले यसको कार्यान्वयनमा सबै सार्वजनिक निकाय लाग्नुपर्ने उहाँले बताउनुभयो । नेपाल पत्रकार महासङ्घका पूर्वसभापति एवं सूचनाको हकका अभियानकर्मी तारानाथ दाहालले नागरिकले कर तिरेर सञ्चालन भएका सार्वजनिक निकायका कामकारबाहीका बारेमा सूचना माग गर्दा प्रहरी लगाएर पक्राउ गर्ने घटना निन्दनीय भएको बताउनुभयो । एउटा स्थानीय तहमा हजारौँ मानिसले सूचना माग्ने वातावरण बन्ने हो भने भ्रष्टाचार न्यूनीकरणमा योगदान पुग्ने उहाँको भनाइ थियो । सहकारी, सामुदायिक एवं संस्थागत विद्यालयमा पनि सूचना माग गर्न अभियानकर्मीलाई दाहालले सुझाव दिनुभयो ।

राष्ट्रिय महिला आयोगका सदस्य एवं प्रवक्ता कृष्णाकुमारी खतिवडा पौडेलले बेथिति धेरै हुने नगरपालिकाले नै सूचना माग गर्नेलाई पक्राउ गराउने गरेकाले यसप्रति सबै सचेत हुनुपर्ने बताउनुभयो । पारदर्शिता कायम गर्न र भ्रष्टाचारको अन्त्य गर्न सूचनाको हक प्रभावकारी उपयुक्त औजार हुने उहाँको भनाइ थियो ।

राष्ट्रिय सूचना आयोगका सदस्य एवं प्रवक्ता कमला ओली थापाले सूचना माग गरेकै कारण अभियानकर्मीलाई पक्राउ गरी थुन्नु सामन्तवादी सोचको परिणाम भएको बताउनुभयो । प्रयोग गरिएन भने सूचनाको हकको कानुनको अर्थ नहुने भएकाले यसको अभ्यास गर्नुपर्नेमा उहाँको जोड थियो । सूचनादाता र मागकर्ताको पनि संरक्षण गर्ने कानुनी व्यवस्था भएकाले सूचना दिन र माग्न कुनै समस्या नरहेको आयुक्त थापाले बताउनुभयो ।

संविधानसभा सदस्य रामेश्वर फुयाँलले नेपालको संविधानमा सूचना, सञ्चारको हकका साथै नागरिक कर्तव्यको पनि व्यवस्था गरिएकाले सूचना माग्ने अभियानलाई नागरिक कर्तव्यका रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो । बेथितिलाई थितिमा ल्याउन पनि सूचनाको हकको उपयोग हुनुपर्ने उहाँको भनाइ थियो ।गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपककुमार रिसालले सूचनाको हक प्रवर्द्धनका लागि नगरपालिकाले पनि वार्षिक रूपमै कार्यक्रमको आयोजना गर्नेगरी व्यवस्था गरिने बताउनुभयो । नगर उपप्रमुख सान्नानी लामाले खुला रूपमा जोरपाटी चोकमै नगरपालिकाले सूचनाको हकको कार्यक्रम राख्ने प्रतिबद्धता जनाउनुभयो ।

मानवअधिकारवादी उत्तम पुडासैनीले कसैलाई रिस उठ्दा सूचनाको हकका अभियानकर्मीलाई प्रहरीलाई लगाएर पक्राउ गर्नु लोकतान्त्रिक शासन व्यवस्थामा सुहाउँदो नहुने बताउनुभयो । महासङ्घका अध्यक्ष उमीद बागचन्दले सूचना माग गर्दा पक्राउ परेका अभियानकर्मी १३ दिनमा छुटे पनि प्रहरीले राखेको मोबाइल अझै फिर्ता नगर्नु दुखद् भएकाले छिटो मोबाइल दिने व्यवस्था गर्न माग गर्नुभयो । सूचना माग गरेकै कारण अभियानकर्मी पक्राउ गरेर देशभरका सूचना मागकर्तालाई आतङ्कित गर्न खोजिएकाले महासङ्घ त्यसविरुद्ध लागेको उहाँको भनाइ थियो ।

कार्यक्रममा महासङ्घका वरिष्ठ उपाध्यक्ष ताराबहादुर भण्डारी र सचिव पूर्णप्रसाद मिश्रले सूचनाको अधिकार पनि मानवअधिकारको एउटा पाटो भएकाले सूचना माग गरेकै कारण पक्राउ परेका छजनाका बारेमा गहिरिएर अध्ययन, अनुसन्धान गर्न राष्ट्रिय मानवअधिकार आयोगसँग माग गर्नुभएको थियो ।

कार्यक्रममा सूचना माग गरेकै कारण गत असार ३ गते जोरपाटी चोकबाट पक्राउ परेका महासङ्घ जिल्ला कार्यसमिति काठमाडौँका सदस्य अस्मिता खत्री र अभियानकर्मी राजु सुनारले सार्वजनिक निकायसँग सूचना माग गर्दैमा पक्राउ पर्दा दुःखद अनुभूति गरेको बताउनुभयो । रासस

# बस र तेल बोकेको ट्याङ्कर ठोक्किँदा १५ जना घाइते

नारायणगढ । चितवनको नारायणगढ- मुग्लिङ सडकअन्तर्गत पर्ने भतेरीमा बस र तेल बोकेको ट्याङ्कर ठोक्किँदा १५ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक भेषराज रिजालकानुसार शनिबार दिउँसो भरतपुर महानगरपालिका-२९ मा पर्ने भतेरीमा नारायणघाटबाट पोखरा जाँदै गरेको ग२ख १४०१ नंको बस सोही दिशाबाट जाँदै गरेको ना७ख ५४९१ नंको पेट्रोल बोकेको ट्याङ्करको पछाडि ठोक्किँदा बसमा सवार १५ यात्री घाइते भएका हुन् ।रासस


आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।

विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरूक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस । बद्रीनाथ र केदारनाथ समेत ।






टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।



प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४७३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# दायित्वप्रति विमुख किन ?

प्रदेश तह संघीयताको मुख्य संरचना हो । यस अन्तर्गत प्रदेश सरकारले काम गर्न थालेको गत फागुनमा ६ वर्ष पूरा भएर सात वर्ष लागेको छ । यसको पृष्ठभूमिलाई नियाँल्दा नेपालको सन्दर्भमा यो विशुद्ध नयाँ संरचना हो । प्रदेश सरकारले आफ्ना सम्पूर्ण कामकारबाही शून्यबाट शुरु गरेको थियो । संविधानले प्रदेश सरकारलाई एकल र साझा गरी दुई प्रकारका अधिकार र जिम्मेवारी तोकेको छ । सोही अधिकारको सीमाभित्र रहेर प्रदेश सरकारले कानुन बनाउने , वार्षिक बजेट बनाउने , निर्णय गर्ने , नीति तथा योजना गर्ने र त्यसको कार्यान्वयन गर्ने काम गरिरहेका छन् । तर , सात वर्ष लाग्दाको अवधिलाई केहीले गलगाँड , घाँडो , सेतो हात्ती , नेता पाल्ने तथा राज्यकोष दोहन गर्ने माध्यम ,जनताले तिरेको तिरो खाने माध्यम , दलहरुका जागिर खुवाउने थलोको संज्ञा पनि दिन थालेका छन् । योसँगै प्रदेश प्रमुखको नियुक्ति र बर्खास्तगीले दलहरुको मनोविज्ञानलाई स्पष्ट गर्छ । दलहरुले प्रदेश प्रमुख जस्तो विशिष्ट पदमा समेत संघमा भएको सरकार वा गठबन्धनको परिवर्तनसँगै आफ्ना आसेपासे वा कार्यकर्ता राख्ने चलन बसालेका छन् । यसले गर्दा यो पद पनि संघीय सरकारको खटनपटनमा चल्ने कर्मचारीझैं अनुभूति भइरहेको छ । मुख्यमन्त्री कसलाई बनाउने , विश्वासको मत कसलाई दिने वा नदिने जस्ता हरेक दलको केन्द्रबाट हुने गरेका कारण पनि प्रदेश तहबारे अनेक टिप्पणी हुने गरेको छ । प्रदेश सरकारका संघ सरकारसँग प्रहरी समायोजन , कानुन तर्जुमा , कर्मचारी , जनशक्ति र राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरण सम्बन्धमा विवादको अवस्था छ । पूर्ण बहुमतको अभावमा अस्थिर सरकार हुँदा मुख्यमन्त्री , मन्त्री , सभासदहरुमा इच्छा शक्तिको कमी देखिएको छ । यसको ज्वलन्त उदाहरण हो सीमलतालको कहाली , त्रासदीय प्राकृतिक घटनामा बससँगै यात्रु अज्ञात अवस्थामा रहेको बेला पनि मधेश प्रदेश सरकारको घटनाप्रतिको मानवीयता प्रकट नहुनु संवेदनशून्यतालाई स्पष्ट गर्छ । घटनामा परेका यात्रुको परिवारजन , आफन्तको दारुण्य , कारुणिकताप्रति सान्त्वनासम्मको दायित्व बोध र संवेग नहुनु मुख्यमन्त्री लगायत मन्त्री प्रदेशसभाका सभासदको दायित्वमाथि प्रश्न खडा गर्छ । प्रदेशकै अधिकांश यात्रु त्रासदीय घटनामा परे पनि खोज , स्थलगत अवलोकन , आफन्तको अवस्थाबारे जानकारी , सान्त्वनाप्रति उदासीन हुनुले माथि उल्लेख भएको प्रदेश संरचनाको औचित्यमाथिको प्रश्नलाई मलजल दिन्छ अत : अहिले पीडितको मनोदशालाई बुझ्नु आवश्यक छ ।

# देउवाको पदोन्नति : पतिबाट पतिपरमेश्वर



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

केपि शर्मा, ओलीले यसपल्ट, आफ्नो शपथग्रहणसँगै सवै मन्त्रीहरुलाई पनि शपथ ग्रहण गराएर एक नौंलो परिपाटीको थालनि गर्नुभयो । यसले जनतामा सकारात्मक सन्देश प्रवाह भएको छ । संयुक्त सरकारको प्रधानमन्त्रीले यसरी सवै मन्त्रीहरुको आफूसँगै शपथ खुवाएको सम्भवतः पहिलोपल्ट हो । विगतमा मन्त्रिमण्डलको पूर्णता दिनमा कतिपटक एक महिनाभन्दा बढी समय लाग्ने गरेको देखिएको छ ।

एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएको पुष्टि हुनासाथ प्रचण्डले राजीनामा गरेको भए उनको छवि मुखरित हुने थियो । प्रचण्डले २०६६ सालमा पनि राजीनामा गर्नमा ढिलो गरेको थिएन् । २०७३ सालमा काँग्रेसको सहयोगमा प्रधानमन्त्री भएका थिए । आठ महिनापछि काँग्रेससँग गरेका सहमतिलाई पालना गर्दै सहज रुपमा पदबाट राजीनामा गरेका थिए । प्रचण्ड उतिखेरपनि ओलीलाई हटाएर प्रधानमन्त्री बनेका थिए । त्यसपछि, २०७८ सालमा ओलीलाई आच्छु आच्छु पार्दै प्रधानमन्त्रीबाट हट्न बाध्य पारेको थियो । त्यो बेलामा प्रचण्डले देउवालाई प्रधानमन्त्री बन्नमा सघाएको थियो । २०७९ सालमा ओलीले प्रचण्डलाई प्रधानमन्त्री बनाउनमा महत्वपूर्ण भूमिका खेल्दै डेढ बर्षको अन्तरालमा हटाएर ओली आफू प्रधानमन्त्री बन्यो । ओलीले प्रतिशोध साधेको चर्चा छ ।

मुलुकमा राजनीतिक अस्थिरतासँगै व्यवस्थाप्रति नै विभिन्न ढङ्गले आवाज उठिरहेको अवस्थामा ओली प्रधानमन्त्री भएका हुन् । अव, ओलीसमक्ष थुप्रै चूनौतिहरु छन् । पहिलो त प्रचण्डलाई हटाउने औंचित्य सिद्ध गर्नु पऱ्यो । मुलुकमा सुशासन, बेरोजगारी समस्या समाधानका साथै भ्रष्टाचार र अनियमिततालाई न्यूनीकरणका लागि ठोस कदम चाल्नु पऱ्यो । जनताले उखान टुक्का सुनेर अघाइ सकेका छन् । अव, हात हातमा रोजगार चाहिएको छ । ओलीले चौंथोपटक प्रधानमन्त्री बन्ने अवसर पाएका हुन् । यो अवसरको उपयोग गर्न सक्यो भने मुलुकमा राजनीतिक स्थायित्व हुनुका साथै गणतन्त्रमाथि जनविश्वासमा अभिबृद्धि हुने थियो ।

राजनीति सिद्धान्तमा आधारित नभएर सत्ताकेन्द्रीत भयो भने मुलुकमा दुष्परिणाम देखापर्छ । मुलुकमा सत्ता परिवर्तनको खेलमा प्रचण्डले पाँचौंपटक विश्वासमत प्राप्त गर्न नसक्दा प्रधानमन्त्री पद गुमाउनु पऱ्यो । चार महिनाअघि प्रचण्डले काँग्रेसलाई सरकारबाट बाहिरको बाटो देखाएको थियो । अहिले काँग्रेसले प्रचण्डलाई सत्ताबाट बाहिर फाले छ । उतिखेर, शेरबहादुर देउवा अक्क न बक्क अवस्थामा पुगेको थियो भने यतिखेर, प्रचण्डले आफ्नो गल्तिमाथि पश्चाताप गरिरहेका छन् । संस्कृतिमा एउटा श्लोक यस्तो छ- यदाचरित कल्याणि : शुभम या यदि वा्शुभम । तदेव लभते भद्रै :कर्ता कर्मज मात्मणः ॥ अर्थात, मानवले जस्तो( राम्रो वा नराम्रो) कर्म गर्छ, उसलाई उस्तै फल प्राप्त हुन्छ । कर्तालाई आफ्नो कर्मको फल भोग्नै पर्छ । अहिले, प्रचण्डलाई आफ्नै कर्मको फल भोग्नु परेको देखिन्छ । संसद्मा सवैभन्दा ठूलो दल काँग्रेसले सरकारमा बसेर इमान्दारितापूर्वक प्रचण्ड नेतृत्वको सरकारलाई सहयोग गरिरहेको थियो । पार्टीगत आधारमा पनि कुनै कटुता उत्पन्न भएको थिएन् । प्रचण्डले अप्रत्यासित रुपमा आफ्ना सहयोगी दल काँग्रेसको ठाउँमा प्रतिपक्षमा बसेका एमालेसँग सामिप्यता स्थापित गरेर काँग्रेसलाई सरकारबाट बाहिर फालेको थियो । प्रचण्डले विश्वासमत लिने अवसरमा सम्बोधनको क्रममा काँग्रेसप्रति कडा कटाक्षपनि गरेको थियो । यस्तो लाग्दै थियो कि प्रचण्डले धेरै ठूलो उपलब्धि हासिल गरेको छ । उतिखेर, प्रतिनिधिसभामा काँग्रेसका सचेतक रमेश लेखकले आफ्नो सम्बोधनको क्रममा प्रचण्डलाई सोधेको थियो । "तपाईले काँग्रेस र एमालेलाई धोका दिएको हो । कथङ्कदाचित यि दुवै दल एक ठाउँमा आयो भने तपाईको हविगत के हुने हो भनेर प्रश्न गरेका थिए । सुत्ने बेलामा विचार गर्नु होला ।" त्यो बेलामा प्रचण्ड मुसुमुसु हाँस्दै थियो । चार महिनापछि समयले कोल्टो फेऱ्यो । मुसुमुस् हाँस्ने अनुहारमा कालो बादल मडारिन थालेको छ । अहिले देउवाजीको अनुहार हसिँलो मात्रै होइन कि गर्विलोपनि भएको छ । आफ्नी श्रीमतीलाई सिधैं मन्त्री बनाउनु भनेको सामान्य कुरो होइन् । अव, उनी पतिबाट पदोन्नति हुँदै पतिपरमेश्वर बनेका हुन् । देउवाजी सभापतिमा उठ्न नपाउने हो । काँग्रेसको विधानअनुसार लगातार दुईपटक मात्र सभापति बन्न पाइन्छ । जसले जे भनेपनि देउवाले आउँदो काँग्रेसको महाधिवेशनमा आरजुलाई सभापतिमा उठाउने सम्भावना प्रवल छ । पार्टीमा देउवाको पकड छदैंछ अव आरजु सरकारमा बसेर कार्यकर्ताबीच सम्बन्ध प्रगाढ बनाउने रणनीतितहत कार्य गर्नेछ । पार्टी सभापति बनेपछि संसदीय दलको नेता बन्नका लागि बाटो सहज भइनै हाल्नेछ । नेपालको राजनीतिमा जेपनि हुनसक्छ । तर, आरजुको लागि बाटो खन्ने कार्यको शुभारम्भ भइसकेको सम्झनुपर्दछ । प्रचण्डको सत्ता समीकरणको हेरफेरको परिणामको रुपमा आफू प्रधानमन्त्रीबाट हटनु, ओली प्रधानमन्त्री बन्नु, आरजु मन्त्री र माओवादीकेन्द्रलाई केन्द्रदेखि प्रदेशसम्म प्रतिपक्षमा बस्नुपरेको छ ।

> **काँग्रेससँग सहकार्य तोडेपछि कतै एमालेले धोका दियो भने आगामी दिनमा सत्तागत राजनीतिमाकस्तो प्रभाव पर्छ भन्ने सम्बन्धमा जोडघटाउ नगरी मात्र जोडअर्थात फाईदा मात्रै देख्ने मनोवृतिले गर्दा प्रचण्डको प्रधानमन्त्रीको पद चिप्लिएको देखिन्छ ।**

काँग्रेससँग सहकार्य तोडेपछि कतै एमालेले धोका दियो भने आगामी दिनमा सत्तागत राजनीतिमा कस्तो प्रभाव पर्छ भन्ने सम्बन्धमा जोडघटाउ नगरी मात्र जोडअर्थात फाईदा मात्रै देख्ने मनोवृतिले गर्दा प्रचण्डको प्रधानमन्त्रीको पद चिप्लिएको देखिन्छ । २०६५ सालदेखि प्रायः सत्ताको नजिकमा माओवादीकेन्द्र रहेको छ । सत्ताको स्वाद लामो समयदेखि पाउँदै आइरहेका छन् । अव, प्रदेशहरुबाट पनि हट्नुपरेको छ । समग्रमा हेर्दा, माओवादी केन्द्रलाई गहिँरो आघात परेको छ । काँग्रेस र एमालेको सहकार्य लामो समयसम्म जारी रह् यो भने माओवादी केन्द्रको लागि अहितकार नै हुनेछ । २०६६ सालमा प्रधान सेनापति रुक्माङ्गद कटुवाललाई हटाउने योजना प्रचण्डको असफल भएपछि आवेशमा आएर राजीनामा गरेको थियो । २०७२ साल वैशाख १२ गतेको भुकम्पपछि प्रचण्डले संविधान निर्माणका लागि अडिग रहने अलिकति पनि नहल्लिने भनेर लिएको अडानको कारण संविधान निर्माणमा सहयोग पुगेको थियो । समग्रमा भन्नुपर्दा, प्रचण्डले अहिलेसम्म पार्टीलाई विकट परिस्थितिमा पनि सम्हाल्नमा सफल भएको देखिन्छ । भर्खरै, फुटवलको यूरोकप सम्पन्न भएको छ । खेलमा हारजित त भइरहन्छ । यदि, आत्मघाति गोलको कारण हार्नुपर्दा धेरै बढी पीडा हुन्छ । प्रचण्डले सहयोगी दलको परिवर्तनको खेलमा आफ्नै खुट्टामा बन्चरो हानेको वा आत्मघाती गोल गरेको रुपमा बुझ्नु पर्दछ । प्रधानमन्त्री पदमा प्रचण्ड करिव डेढ बर्षदेखि यथावत रह्यो । प्रचण्डको अठारह महिनाको अवधि सन्तोषजनक नै भन्नुपर्छ ।

अव, माओवादी केन्द्रसँगै एकीकृत समाजवादी र राष्ट्रिय स्वतन्त्र पार्टी पनि प्रतिपक्षमा बस्ने छन् । राष्ट्रिय स्वतन्त्र पार्टीभित्र आन्तरिक विवाद छताछुल्ल छ । सभापति रवि लामिछानेले निर्वाचनअघि सर्वसाधारण मतदातासँग गरेको वाचाविपरीत सत्तामा सहभागी भएका थिए । व्यक्तिगत रुपमा आफू दुईपटक गृहमन्त्री बन्न सफल भयो । २०६५ सालमा मधेशमा मधेशी जनअधिकार फोरमले अधिकास ठाउँमा जितेर तहलकानै मच्चाएको थियो । संविधानसभामा चौंथो स्थानमा थियो । २०७० को निर्वाचनमा सो पार्टीले प्रत्यक्षतर्फ मात्र दुई स्थानमा सिमीत भए । समानुपातिकसमेत गरी १० सिट पाएका थिए । जवकि २०६४ सालमा प्रत्यक्षतर्फ ३० स्थानमा र समानुपातिक गरी ५४ साँसद पाएर चौंथो ठूलो पार्टी बनेको थियो भने २०७०मा सातौं स्थानमा झरेको थियो । मलाई लाग्छ, लामिछानेलाई तत्कालीन फोरम किन चिप्लिएको सन्दर्भमा विश्लेषण गर्नुपर्ने हो । फोरमलाई उपेन्द्रले सम्हाल्न सफल भयो । रविको बोल्ने शैली एक साँसद्जस्तो नभई टेलिभिजनको प्रस्तोताको शैलीजस्तो बुझिन्छ । राजनीतिज्ञमा गम्भिरता हुनु आवश्यक छ ।

नेपालमा प्रजातन्त्र पुनःस्थापनापछि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित सरकारमा नेकपा (एमाले) सरकारमा सहभागी भएको थियो । पञ्चायतको अवसानपछि गठित पहिलो सरकारसँग अनुभवको कमी भएपनि बडो शालिनताका साथ काँग्रेस र बामपन्थीहरु मिलेर करिव एक बर्ष शासन सञ्चालन गरेको थियो । तीन महिनामैं संविधानपनि निर्माण गरेको थियो । मुलुकमा संविधान जारीपछि कुनैपनि सरकारले स्थायित्व ग्रहण गर्न नसक्नुमा कतै न कतै संविधानमा कमी कमजोरी रहेको आवाज उठ्ने गरेको छ । प्रधानमन्त्री बन्नुअघि केपि ओली नयाँ सरकारले संविधान संशोधनलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने हो । समयानुकुल संविधानको संशोधन गर्नुपर्छ । भारतको संविधानको अहिलेसम्म एकसय ६ पटक संशोधन भइसकेका छन् । नेपालका संसदलाई पनि यस विषयमा गम्भीर हुनुपर्छ ।

गणतन्त्र स्थापना भएको सोह्र बर्ष पुरा भयो । संविधानसभाको पहिलो बैठकले सार्वभौम सत्ता र राजकीय सत्ता नेपाली जनतामा निहीत रही स्वतन्त्र, अविभाज्य, सार्वभौम सत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी नेपाल एक सङ्घीय, लोकतान्त्रिक गणतन्त्रमा विधिवत रुपमा परिणत भएको घोषणा गरेको थियो । तर,क्षणिक लोभ र आकर्षक नारामा पर्नु हुँदैन् । संविधान जारी भएपछि मुख्य दलका शीर्ष नेताहरुले अव 'गाउँ-गाउँमा सिँहदरवार' पुगेको पटक पटक उद्घोष गरेका हुन् । सो घोषणालाई मूर्तरुप दिनका लागि शासन प्रणालीमा मात्रै विकेन्द्रीकरण होईन कि राजनीतिक प्रणालीमा पनि विकेन्द्रीकरण हुनु आवश्यक छ । विकेन्द्रीकरणको नीतिलाई सार्थक बनाउनका लागि सवै दलका शीर्ष नेताहरुमा 'नेपाल भनेको काठमाडौं र काठमाडौं भनेको नेपाल' भन्ने मानसिकताबाट माथि उठ्नुपर्छ ।

मुलुकमा राणा शासनको अन्त्यपछि एक दसक प्रजातन्त्र रह्यो । त्यसपछि, राजा महेन्द्रले सत्ता पल्टेर मुलुकको शासन आफ्नो हातमा लिए । उनले संसदीय व्यवस्था अफाप भयो भनेर पञ्चायती व्यवस्था ल्याएका थिए । तीस दसकपछि पुनः नेपालमा संवैधानिक राजतन्त्रसहित लोकतान्त्रिक व्यवस्थाको पुनः आगमण भयो । अहिले मुलुकमा सङ्घीय गणतान्त्रिक व्यवस्था छ । योपनि अफाप भयो भनेर प्रत्यक्ष प्रणाली ल्याउने चर्चाले ठाउँ पाइसकेका छन् । यदि, प्रत्यक्ष प्रणाली आएपछि सरकारले स्थायित्व ग्रहण गर्न सक्छन् । तर, शासक तानाशाह भयो भने के गर्ने ? प्रत्यक्ष प्रणालीपनि असफल भएपछि देशको अवस्था के हुन्छ ? त्यसपछि, कुन व्यवस्था ल्याउने ?

कुनैपनि नीति बनाउँदा त्यसले दीर्घकालसम्म पार्ने प्रभावको सुक्ष्म रुपमा विश्लेषण गर्नुपर्छ । गणतान्त्रिक व्यवस्था सवैभन्दा बढी उत्कृष्ट व्यवस्था हो । यसको प्रयोग जनताको हितमा गर्नु पर्दछ । तर, नेताहरुले सत्ताप्राप्तिका लागि अधिकारको चरम दुरुपयोगगर्दा गणतन्त्रमाथि प्रश्न उठाइएको हो । मुलुकमा गणतन्त्र स्थापनापछि अहिलेसम्म मुलुकमा दसवटा नयाँ सरकार बनेको छ । यो व्यवस्थाको दोष पक्कै होइन । नेताहरु सत्तालिप्साको मानसिकताबाट ग्रसित हुँदा पटक पटक सरकार फेरिएको हो ।

व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताका लागि समर्पित भयो भने नेपाल एक सुन्दर, शान्त र विकसित राष्ट्रको पहिचान बनाउने छ । सो कार्यका लागि समानुपातिक प्रणालीलाई हटाउनुपर्छ । यसका साथै, विश्वासमत दिएपछि कमसेकम दुई बर्ष फिर्ता लिन नपाउने प्रावधान राख्नुपर्छ । त्यसो भयो भने सरकारले स्थायित्व ग्रहण गर्छ ।

भ्रष्टाचारले लोकतन्त्रलाई कमजोर पार्छ, आर्थिक विकासको गतिलाई सुस्त बनाउँछ र सरकारलाई अस्थिर बनाउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ । भ्रष्टाचार उपल्लोस्तरबाट तल्लोस्तरमा फैलिएको छ । यसलाई रोक्नमा ओली कतिको सफल हुन्छ ? यसपल्ट, केही गरेर देखाउन सकिएन भने आउँदो निर्वाचनमा एमाले र काँग्रेस दुवै दलको लागि महङ्गो पर्नेछ । व्यवस्था धरापमा पर्नेछ । प्रत्यक्ष रुपमा राष्ट्रिय प्रजातन्त्र पार्टीलाई फाईदा पुग्नेछ ।

कुनैपनि लोकतान्त्रिक एवम् गणतान्त्रिक व्यवस्थाको स्वतन्त्र न्यायपालिका, निर्वाचित प्रतिनिधि, नागरिक स्वतन्त्रता, सङ्गठित विपक्षी दल र कानुनको शासन यी मुख्य पाँच विशेषतालाई अङ्गीकार गर्नुपर्छ । सोमध्ये कुनै एक विशेषतामाथि आँच आयो भने अराजकता निम्त्ने खतरा रहन्छ । लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको उद्देश्य कार्यान्वयनका लागि दलका नेतृत्व पक्तिमा राष्ट्र र जनताप्रति समर्पित हुनुपर्छ । यसअघि, ओली प्रधानमन्त्री हुँदा दुईपटक संसद् विघटनको सिफारिस गरेको थियो । यसरी बलमिच्चयाई कार्य पुनः नदोहरियोस । मुलुक गणतान्त्रिक व्यवस्थामा प्रवेश गरेपनि त्यसको मर्मलाई पूर्णरुपमा आत्मसात गर्न नसकेको र दलका नेतृत्वकर्ताहरुमा सत्ताको उच्च महत्वाकाँक्षाले गर्दा नकारात्मक वातावरण बढ्दै तथ्यलाई स्वीकार गरी सुधारका लागि प्रतिबद्ध हुनुपर्छ । यदि, यस्तै खाले विवादले उग्रता ग्रहण गर्दै रह्यो भने आउँदो दिनमा मुलुकको अवस्था कस्तो हुनेछ भन्ने अनुत्तरित प्रश्न अधिकांस नेपालीको मनमा खेल्न थालेको छ । तर, यसपटक अलि फरक ढङ्गको छ । व्यवस्था नै परिवर्तन गर्ने विषयमा आवाज उठाउने गतिविधि शुरु भएपछि सर्वसाधारणको मनमा कौंतुलहता उत्पन्न गराएको छ । 'इतिश्री'

# नेपालमा सत्ता समीकरणको खेल



डा.उदय कुमार यादव

सरकार टिकाउ नभए राजनीति स्थिर कसरी हुन्छ ?राजनीति स्थिर नभए देशको साशन व्यवस्थामा खतरा निम्त्याउंछ ।सुशाषण कायम गर्नको लागि पहिला भष्टाचार नियन्त्रण हुनुपर्छ । किनकी भ्रष्टाचार नियन्त्रण नभएसम्म समतामूलक समाजकोचांहि परिकल्पणा गर्न सकिदैनन् ।तर भष्टाचारको फाईल खुल्ने क्रममै सरकार ढालिन्छ । बजेट विनीयोजन एउटाअर्थमन्त्रीले गर्ने तर त्यसको वृहत्तर तर्जुमा र कार्यान्वयन अर्कैले गर्ने रे, भने परिणाम कस्तो आउंला त ? बढिकुकले पकाएको भोजन खिचरी नै हुन्छ अनि बढि बाबाजीले मंठ पनि बिग्रन्छ हामीलाई थाहा छ, समाजवाद तब संभव हुनेछ जब भष्टाचार न्युनिकरण भइ जनतामा सुशाषणको अनुभूति हुन थाल्दछ । अर्थात् समतामूलक समाजको सिर्जना गर्न र जनतामा सुशाषणको प्रत्याभूति दिलाउनका लागि राजनीति विशुद्ध हुनुपर्छ ।

नेपालमा अचेल राजनीति के कति विशुद्ध छ त ? विगत केहि समय देखि सत्तामा जाने तथा कुर्सीकै लागि लुछाचुंडी गर्ने पदलुलुप्त स्वार्थीहरुका सत्ता परिवर्तन र सरकारको फेरबदलका नौटंकी हेरेर आम जनमानसमा निराशा पैदा हुँदैगएका छन् । केहि समययता आएर राजनैतिक दलहरुका नीजि स्वार्थ तथा अति महत्वकांक्षी पदलुलुप्त नेताहरुका कुर्सीको तनातान र लुछाचुंडी खेलबाट आम नागरिक पनि दिक्क भैसकेका छन् । कारण कहिले संबिधानको संसोधनको नाउंमा, त कहिले संघीयता सबलीकरणका नाउंमा समावेशीता तथा समानुपातिक जस्ता संबैधानिक व्यवस्थालाई समेत आफनै परिवारवाद नातावाद र कृपावादबाट दुरुपयोग गर्दै हिडनेलाई कतिले अब पत्याउलान् त ?संबैधानिक अधिकार अर्थाात् संबिधानमा समेत व्यवस्था भएका अधिकार जस्तै कृषक अनुदान, निशुल्क शिक्षा त्यस्तै दलित, पिडित तथा अति विपन्नका लागि राहत कोषको समूचित व्यस्थापन आदि अवधारणाका के कति सदुपयोग भइ राखेका छन् त ?

**राजनैतिक अस्थीरताले उब्जाएका सबाल तथा सरकारको लगातार फेरबदलले निम्त्याएका राजनैतिक खतरा :**

वास्तवमा भन्ने हो भने, खासगरी संसदीय प्रणालीमा आम जनताको भ्वाईसको प्रतिनिधित्व गर्ने सांसदले नागरीकमैत्री सुशासन प्रणालीको प्रति स्थापना गर्दै जानु पर्दछ । समाजिक न्याय तथा आर्थिक स्तर उन्नत्तीबाट विस्तारै भ्रष्टाचार पनि नियन्त्रण हुंदै जान्छ किनकी, प्लेटोका विचारमासमान्यतया नागरिकले गांस बास र कपास सहजै तरिकाले प्राप्त गर्न थाल्दछ भने, सहजपरिस्थीतिले उसलाई भ्रष्टाचार गर्न बाध्य गराउंदैनन् । उसको जीउधन तथा सम्पतीको सुरक्षाको जिम्मेवारी जब राज्यले गर्न थाल्दछ तब राज्यको हरेक निकायमा आम जनप्रतिनीधिको पहुंच पनि हुन थाल्दछ र यस्ता नागरिकले सरकारको हरेक किसिमका कर समयमा बुझाउंन थाल्दछ जो असल नगरिक कहलिन्छ । प्लेटाको विचारमा असल साशकको पहिलो कर्तव्य यहि हो ।

तर अचेल नेपालका वर्तमान राजनीतिक इतिवृतिले गर्दा यसको ठीक्क विपरित केबल दलगत स्वार्थ अनि सत्ता स्वार्थबाट नाताबाद, कृपाबाद अनि चापलुसतन्त्र नै विकसित भएर असल नागरिकको मनोबल खंस्कीदै गएको छ जसले गर्दाखरि पार्टीपार्टी भित्र र बाहिर पनि अन्तर कलह देखि बाहिरी द्धन्द र विवाद चर्किदैजानाले नै राजनीतिमा स्थिरता तथा सरकारमा परिवर्तनको नौटंकी शुरु भएका छन् । किनकी दलगत सिमित स्वार्थको घेरामा बांधिए पछि आम जनताको भ्वाईस संसदभित्र अथवा संसद बाहिर कदापी प्रतिनिधित्व हुन सक्दैनन् ।

पार्टीगत तथा दलगत स्वार्थमा चुर्लुम्ब डुबेपछि सत्ता केन्द्रित राजनैतिक गतिविधिले गर्दा राजनीतिमा अस्थीरता र जनतामा नीराशा उत्पन्न हुनु स्वभाविकै हो । यस्तो राजनैतिक विडम्बनाले देश दिनप्रति दिन अनावश्यक द्धन्दको राजनैतिक चपेटामा फंस्दै गएको देखिएको छ । नेपालमा विगत लामा ईतिहांसदेखिकै विभिन्न घटना परिघटनाबाट यो कुरालाई संम्झना दिलाएको छ कि कुनै पनि ठुलादलनै किन नहोस् नेपाली कांग्रेस देखि नेकपा एमाले तथा माओवादी समेतले आफनो नेतृत्वमा सरकारलाई निश्चित सिमा सम्म चल्न नदिएका अथवा चलाउन नसकेका दुईटै कमी कमजोरी देखिएको छ । चाहे त्यो गीरीजा प्रसादकोइरालाको नेतृत्वमा होस्, मनमोहन अधिकारीका नेतृत्वमा होस्, केपीओलीका नेतृत्वमा होस् अथवा पुष्पकमल दाहाल प्रचण्डकै नेतृत्वमा किन नहोस् । आम जनताद्धारा चुनिएका आफैदलका बहुमतका सरकार भए पनि कांग्रेस र वाम एकताले विगतमा सरकार ढाल्न बाध्य भएका नजिर नेपालका ताजा अनि भरखरको ईतिहांसमा छाताछुल्ल रुपमा नै पोखिएका रहेछन् नि ?आखिर यस्तो ग्रयाण्ड डिजाइन किन ? केबल सत्ता परिवर्तन र सरकारमा जानलाई होईन र ?यसबाट के साबितहुँदैछ त ? हाल नेपालमा त्यस्ता राजनेता नै छैनन् जसले संबिधानको मुल मर्म अनुसार स्थीर सरकारको निर्माण गरी राजनैतिक स्थिरता कायम गर्न सकोस् ।

**संबिधान संसोधनकालागि राष्ट्रिय सहमतिको सरकारअनिसंघीय गणतन्त्रात्मक लोकतन्त्र पनि बलियो हुंदैजाने प्रमुख अधार :**

अर्थात् वर्तमान नव गठित सरकारको प्रमुख एजेण्डा भनेको संबिधान संसोधन एकदम उपयुक्त रहेको छ । तर यसको साथसाथै प्रमुख प्रतिपक्षी भूमिका निर्वाह गर्ने माओवादीदलका के आरोप रहेछन् भने, अति रहस्यमय तथा गोप्य रुपमा प्रमुख दुईदल नेपाली कांग्रेस र एमालेबीच अचेल भएगरेका सहमति चांहि हातीको दांतएउटा देखाउने अर्को चपाउने रहेका हुनाले सत्ता समिकरणको खेलमा सरकार आबद्ध दल मिलेर संविधानको अग्रगमनकारी परिवर्तनको साटो २०४७ सालकै पश्चगमणकारी कदम चाल्नसक्ने आशंका व्यक्त गरेका छन् तर त्यस्तो कदमको विरुद्धमा जनताको लागि त्यतिबेला सदन देखि सडक पनि अबरुद्ध गर्ने चेतावनी दिदै जनतालाई दिद्रोहमा उतार्ने अठोट पनि तिनीहरुले गरेका छन् ।

जसरी एमाले आफनो समर्थन फिर्ता लिएर माओवादीका नेतृत्वमा गठित सरकारलाई खसाल्न अहम भूमिका निर्वाह गर्न सफल देखिन्छ ठीक त्यसै गरी माओवादीले पनि आफनो प्रतिशोधका दाउ पनि अवश्यखोजि रहनेछन् भने कुरामा शंका छैन ।हुनत नव गठित राष्ट्रिय सहमतिको सरकारको प्रमुख एजेण्डा अति बलियो रहेको छ । यदि सरकारले सबिधानको संसोधन अन्तर्गत मधेशी दलका प्रमुख मांग जनसंख्याको अधारमा माथिल्लो सदनमा आफ्नो प्रतिनिधि तथा जन संख्याकै अधारमा संसदीयक्षेत्र लगायत पालिकाको निर्धारण गराउने प्रयासगरे भने, निर्वाचन प्रणालीमा सुधार ल्याई पूर्ण समानुपातिक तथा विगतमा राष्ट्र प्रमुखलगायत देशको प्रधानमन्त्री अनि प्रदेशको मुख्यमन्त्रीको लागि पनि प्रत्यक्ष प्रणाली ल्याएर आमूल परिवर्तन गर्ने जमर्को गरेमा सरकार टिकाउ पनि हुन सक्छ । अर्कातर्फ राष्ट्रिय प्रजातन्त्र पाटीका पनि राज संस्था पुनः स्थापना लगायत हिन्दु राष्ट्र घोषणा गराउने मांगहरु छन् जुन त्यति सहज छैनन् ।अन्यथा राष्ट्रिय सहमतिको सरकार गठनगरेर विभिन्न काण्डै काण्डबाट आफूहरु जोगिने तथा संबिधान संसोधनकै नाउंमा सत्ता अगोटी राख्ने हो भने, अबको आम जनतालाई सडकमा माओवादीले उतारेमा जसरी माओवादी दल संबिधान सभाकाबेला र गणतन्त्र आगमनमा पहिलोदलका रुपमा देखापरे, हुन सक्छ जनताको सेन्टीमेन्ट र म्याण्डेड लिएर लथालिंग राजनैतिक दुरावस्थालाई मध्यावधीमा धकेली आफनो वर्चस्व कायम गर्न सक्लान् । अथवा कित त्यसपछि राजनैतिक विडम्बनाले जनता प्रमुख रुपले कि त स्वतन्त्र भई निर्दलीय व्यवस्थातिर पनि बाध्यवस् ओरालो लाग्न सक्छ । जसको परिणाम स्वरुप देशको बागडोर तानाशाहीको हातमा जादैनन् भने भन्न सकिदैनन् । वर्तमान समयमा नेपालीसेना लगायत प्रमुख सैनिक संगठन तथा सशस्त्र सुरक्षाबललाई साधुवाद जो अहिले सम्म निसपक्षरही टथस्ट भूमिका निर्वाह गर्दछन् यदि अलिक पनि दायांबयां भए सैनिक साशषण वा तथाकथित देशभक्त र राष्ट्रभक्तको ईशारामा तानाशाहीसंग सांठगांठ गरी निरंकुश साशण व्यवस्था पनि लागु गर्न सक्दछ । नेताहरुका सत्तामोहका लागि कुनैवेला पनि राजनैतिक सिद्धान्त विपरित आफनो ढुलमुलिने प्रतिशोध तथा विचलन यिनीहरुले पनि देखाउन सक्थ्यो नि ?

**सर्वोच्चको फैसला सर्वोपरि तथा सबैका लागि सर्वमान्य :**

अबको उद्येक लाग्दो, कहाली लाग्दो राजनैतिक हस्तक्षेप तथा उथलपुथलले मुलुक राजनैतिकद्धन्दकै चक्रब्यूहमा दिनप्रति दिन फस्दैजाने संकेत नेताहरुको यो सरकार फेबदल तथा राजनीतिक अस्थिरताको नौटंकीले प्रमाणित गरेको छ । उदाहरणका लागि एका तर्फ नवगठित सरकारको प्रधानमन्त्रीलाई एकातर्फ बधाईको डंका पिटिदैछन् भने अर्का तर्फउनको नियूक्ति प्रकृयालाई लिएर सर्वोच्चमा रिट पनि पर्नु कस्तो बिडम्बना? मानौसर्वोच्चले यदि धारा ७६(३) कै बमोजिम ठुला कांग्रेसका संसदीय दलका नेता शेर बहादुर भयो भने, केपी ओलीको नियुक्ति बदर हुनेगरी फेरी सरकार ढलिने संकेत देखापरेको छ । किनकी नव नियुक्त प्रधानमन्त्री केपी ओलीको नियुक्ति खारेजीको माग गर्दै सर्वौच्च अदालतमा रिट परेकोछ । अधिवक्ताहरु दीपक अधिकारी, खगेन्द्र प्रसाद चपागाई र शैलेन्द्रकुमार गुप्ताले सोमवार रिट निवेदन दर्ता गराएका हुन् । संबिधानको धारा ७६(३) बमोजिम सरकार गठन हुनु पर्नेमा संबैधानिक व्यवस्था विपरीत प्रधानमन्त्री नियुक्त गरिएको भन्दै सर्वौच्चमा रिट दायर भएको हो । अर्कातफ सर्वोच्चले यति छिटो फैसला अवश्य दिने छैनन् ।

यस मुद्याको मुलतबी यदिहेर्दा हेर्दैमा राख्दा खेरि, हुन सक्छ त्यतिबेला सम्म केपि ओलीको कार्यकाल अन्त्य भइ देउबाको पाली आई सक्नेछन् । नेपालको कानुन दैवले जानुन् अर्थात् नेपालको सर्वोच्च भनेको कहिलेकाहिं दैवकै भूमिका निर्वाह गर्न सफल देखिन्छ नि ?उदाहरणका लागि विगतमा खिलराज रेग्मीजीको भूमिका तथा केपी ओलीले गरेका संसद विघटनको बेला, संबिधानको रक्षा तथा नेपाली जनताको साभौंम सत्ता जोगाउने भूमिकालाई जोगाउनलाई खेलेको सर्वोच्चको भूमिकालाई नसराहीकन रहन सकिंदैनन् ।

# बागमती प्रदेशको मुख्यमन्त्रीमा दाबी गर्दै कांग्रेस




बागमती । नेपाली कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामाले बागमती प्रदेशको मुख्यमन्त्रीमा दाबी पेस गर्ने तयारी गर्नुभएको छ ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई विश्वासको मत नदिने निर्णय गरिसकेको नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले कांग्रेस संसदीय दलका नेता लामालाई मुख्यमन्त्रीमा नियुक्त गर्न प्रदेश प्रमुखसमक्ष दाबी पेस गर्ने तयारी गरेको हो । "दुई दलबीच पहिला नै मुख्यमन्त्रीमा कांग्रेसले दाबी पेस गर्ने सहमति भइसकेको छ", लामाले भन्नुभयो, "कांग्रेस संसदीय दलको नेताको हैसियतले मुख्यमन्त्रीका लागि मेरो दाबी पेस हुन्छ, हाम्रो पार्टीभित्र मुख्यमन्त्रीका लागि कुनै विवाद छैन ।"

नयाँ मुख्यमन्त्री नियुक्तिको प्रक्रिया सुरु हुनासाथ बहुमत प्रदेशसभा सदस्यको हस्ताक्षरसहित मुख्यमन्त्रीमा कांग्रेसका नेता लामाले दाबी पेस गर्ने सहमति भएको एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले बताउनुभयो । "मुख्यमन्त्री जम्कट्टेलले भोलि विश्वासको मत लिनुहुन्छ, उहाँले विश्वासको मत पाउन नसकेपछि नयाँ मुख्यमन्त्री चयनको प्रक्रिया सुरु हुन्छ", थपलियाले भन्नुभयो, "प्रदेश प्रमुखले मुख्यमन्त्रीमा दाबी गर्न आह्वान गर्नुहुन्छ र त्यसलगत्तै हाम्रो दुई दलको तर्फबाट कांग्रेसका नेताले मुख्यमन्त्रीमा दाबी पेस गर्नुहुन्छ ।"

सङ्घीय सरकार निर्माणका क्रममा भएको नयाँ राजनीतिक समीकरणपश्चात बागमती सरकारबाट एमाले बाहिरिएपछि मुख्यमन्त्री जम्कट्टेलले प्रदेशसभाबाट विश्वास लिन लाग्नुभएको छ । विश्वासको मतका लागि भोलि दिउँसो १ बजे प्रदेशसभाको बैठक आह्वान गरिएको छ । प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलमध्ये कांग्रेस, एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने निर्णय गरेको छ ।

कुल एक सय १० सदस्यीय प्रदेशसभामा कांग्रेसका ३७, एमालेका २७, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का २१, राप्रपाका १२, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को सात, नेमकिपाका तीन र हाम्रो नेपाल पार्टीका दुईजना प्रदेशसभा सदस्य छन् । जसमध्ये कांग्रेस र एमालेले मुख्यमन्त्री कट्टेललाई विश्वासको मत नदिने निर्णय गरिसकेको छ । राप्रपा पनि मुख्यमन्त्रीलाई विश्वासको मत नदिने मनस्थितिमा छ । राप्रपा संसदीय दलका नेता उद्धव थापाले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने कुरामा हामी एकमत रहेको बताउनुभयो ।

> नयाँ मुख्यमन्त्री नियुक्तिको प्रक्रिया सुरु हुनासाथ बहुमत प्रदेशसभा सदस्यको हस्ताक्षरसहित मुख्यमन्त्रीमा कांग्रेसका नेता लामाले दाबी पेस गर्ने सहमति भएको एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले बताउनुभयो ।

प्रदेशसभाका तीन दलले विश्वासको मत नदिने भएपछि मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको प्रदेश सरकार परिवर्तन हुने निश्चितजस्तै छ । मुख्यमन्त्री जम्कट्टेलले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न असफल भएपछि कांग्रेस-एमाले गठबन्धको तर्फबाट मुख्यमन्त्रीमा दाबी पेस गर्ने तयारी भएको कांग्रेस संसदीय दलका नेता लामाले जानकारी दिनुभयो । कांग्रेसभित्र संसदीय दलका नेता लामा र इन्द्रबहादुर बानियाँबीच सरकारको नेतृत्वलाई लिएर विवाद छ । केन्द्रबाट हस्तक्षेप नभए वा दलको नेता परिवर्तन नभएको खण्डमा लामा नै मुख्यमन्त्री बन्ने सम्भावना बलियो रहेको कांग्रेसका प्रदेशसभा सदस्यहरूले बताएका छन् ।

**विश्वासको मतका पक्षमा तीन दल**

बागमती प्रदेशका मख्यमन्त्री शालिकराम जम्कट्टेललाई माओवादी केन्द्रसहित तीन दलले विश्वासको मत दिने भएका छन् । भोलि बस्ने प्रदेशसभा बैठकमा मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत लिँदै हुनुहुन्छ । मुख्यमन्त्री जम्कट्टेललाई माओवादी केन्द्र, एकीकृत समजावादी र हाम्रो नेपाल पार्टीले विश्वासको मत दिने भएको हो ।

तीनवटा दलको केही दिनअघि बसेको संयुक्त बैठकले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत दिने निर्णय गरेको एकीकृत समाजवादीका प्रदेशसभा सदस्य डा राजेन्द्रमान श्रेष्ठले जानकारी दिनुभयो ।

"हाम्रै सहमतिमा मुख्यमन्त्रीज्यूले विश्वासको मत लिन लाग्नुभएको हो, हाम्रै अनुरोधमा प्रदेशसभा बैठक बोलाइएको हो", श्रेष्ठले भन्नुभयो, "त्यसैले हामी मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत दिन्छौँ, हामी एक ठाउँमा छौँ ।" प्रदेशसभामा माओवादी केन्द्रका २१, एकीकृत समाजवादीका सात र हाम्रो नेपाल पार्टीका दुईजना प्रदेशसभा सदस्य छन् ।रासस

# आइतबार प्रधानमन्त्रीले विश्वासको मत लिँदै




काठमाण्डु । प्रतिनिधिसभाको आइतबार बस्ने बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिँदै हुनुहुन्छ । संसद्मा कुनै पनि दलको बहुमत नभएको अवस्थामा दुई वा सोभन्दा बढी दलको समर्थनमा नियुक्त प्रधानमन्त्रीले पदमा नियुक्त भएपछि ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

आइतबार दिउँसो १ बजे प्रतिनिधिसभाको बैठक राखिएको छ । उक्त दिनको बैठकमा विश्वासको मत लिने कार्यसूची राख्न प्रधानमन्त्री ओलीले यही असार २ गते सङ्घीय संसद् सचिवालयलाई पत्राचार गरिक्नुभएको छ । नेपालको संविधानको धारा ७६ को उपधार (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ७६ को उपधारा (४) बमोजिम त्यसरी नियुक्त गरिएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने प्रावधान रहेको छ ।नेपाली कांग्रेस र नेकपा (एमाले)बीच गत असार १७ गतेको सहमतिका आधारमा एमालेका अध्यक्ष ओलीले नेपालको संविधानको धारा ७६ (२) बमोजिम गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभएको हो ।

दुई ठूला दलबीचको सहमतिपछि अल्पमतमा पर्नुभएको तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गत असार २८ गतेको संसद् बैठकमा विश्वासमा मत प्राप्त गर्न सक्नुभएको थिएन । नयाँ प्रधानमन्त्री ओलीको विपक्षमा नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपा (एकीकृत समाजवादी) रहने स्पष्ट देखिएको छ, भने कांग्रेस, एमालेसहित अधिकांश दलले विश्वासको मत दिने देखिएको छ ।

एमालेले आफ्ना अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीको विश्वासको मतदान हुने दिन अनिवार्य उपस्थित हुन र पक्षमा मत दिन व्हीप जारी गरिसकेको छ । सोही विषयमा निर्णय लिन नेपाली कांग्रेस संसदीय दलको बैठक आइतबार बिहान बस्दैछ ।रासस

# 'बाबुराम : अ भिजनरी रिबेल' पुस्तक सार्वजनिक



काठमाण्डु । नेपालको राजनीतिक इतिहासमा पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईको भूमिका समेटिएको 'बाबुराम : अ भिजनरी रिबेल' पुस्तक सार्वजनिक गरिएको छ ।

'द राइजिङ नेपाल'का पूर्वसम्पादक डा मुक्ति रिजालले लेख्नुभएको उक्त पुस्तकको आज पूर्वप्रधानमन्त्री भट्टराई, नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का महासचिव घनश्याम भुसाल र राष्ट्रिय स्वतन्त्र पार्टीका नेत्री सुमना श्रेष्ठले संयुक्त रुपमा विमोचन गर्नुभयो ।

पुस्तकमा माओवादी आन्दोलनमा डा भट्टराईको भूमिका, माओवादी छाडेपछिको अवस्था र वैकल्पिक शक्ति निर्माणको अभियानसम्मका गतिविधि विभिन्न १७ वटा आलेखमा समेटिएका छन् । सो अवसरमा डा भट्टराईले आफू फरक पृष्ठभूमिबाट आएको भए पनि सोच, विचार र शैलीले नयाँ रहेकाले पुरानाको कार्यशैलीको सम्मान गर्दै नयाँमा टेकेर राजनीतिक दल अगाडि बढ्नुपर्ने बताउनुभयो ।

"म माओवादीबाट एक्लै निस्किएको हो । वैकल्पिक शक्ति निर्माण गर्ने सकारात्मक सोचका साथ अघि बढेको हो", अध्यक्ष डा भट्टराई भन्नुभयो, "मैले कसैलाई छाडेको पनि होइन, गाली गरेको पनि होइन ।" वैकल्पिक पार्टी बन्न वैकल्पिक सोच र कार्यक्रम आवश्यक पर्नेमा उहाँले जोड दिनुभयो । नेपालका राजनीतिक दल इमान्दार हुने हो भने मुलुकलाई समृद्ध बनाउन सकिने उल्लेख गर्दै संसद्का दुई ठूला दल सम्मिलित सरकारले जनताका समस्या समाधान गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले मुलुकमा दुई ठूला दल सरकार सञ्चालनमा केन्द्रित हुँदा प्रतिपक्षमा रहेका दलहरुले आफ्नो भूमिकालाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । वर्तमान सरकारलाई गलत बाटोमा हिँड्ने छुट नभएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "सरकारले गलत काम गरेमा कांग्रेस मौन बस्दैन ।"

एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले तत्कालीन माओवादी जनयुद्धको परिकल्पनाकारका रूपमा रहनुभएको बताउँदै उहाँद्वारा उठाइएका मुद्दालाई सिद्धान्तको उचाइबाट हेर्न र विश्लेषण गर्न सक्ने क्षमता नेता भट्टराईसँग भएको बताउनुभयो ।

"राज्य स्रोतको दोहन नगर्ने र दलाल पुँजीवादबाट मुक्त पार्टी बनाऔँ," महासचिव भुसालले भन्नुभयो, "त्यस्तो पार्टीले मात्र समाजवादको यात्रा अघि बढाउन सक्छ ।" राष्ट्रिय स्वतन्त्र पार्टीका नेत्री श्रेष्ठले आफ्नो पार्टी नयाँ सोचका साथ अघि बढ्ने बताउनुभयो । अङ्ग्रेजी भाषामा लेखिएको सो पुस्तक एक सय २५ पृष्ठको छ । उक्त पुस्तकको मूल्य रु तीन सय ५५ तोकिएको छ ।रासस

# प्रतिबद्धता सार्वजनिक गर्न प्रजातान्त्रिक विचार समाजको आग्रह




काठमाण्डु । प्रजातान्त्रिक विचार समाजले नवगठित सरकारमा आबद्ध दलहरुलाई आधिकारिक प्रतिबद्धता सार्वजनिक गर्न आग्रह गरेको छ ।

प्रजातान्त्रिक विचार समाज (प्रविस) ले जननायक बीपी कोइरालाको ४२ औँ स्मृति दिवसको सन्दर्भमा शनिबार आयोजना गरेको ' वर्तमान समीकरण, प्रतिबद्धता र जिम्मेवारी' विषयक अन्तरक्रिया कार्यक्रममा प्रस्तुत गरिएको अवधारणा पत्रमा उक्त आग्रह गरिएको हो । वर्तमान गठबन्धन सरकारको प्रमुख दल नेपाली कांग्रेस र सरकारको नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेताबीच भएका प्रतिबद्धतालाई आधिकारिक निर्णयसहित सार्वजनिक गर्न विचार समाजले माग गरेको हो । साथै संयुक्त सरकारको न्यूनतल साझा कार्यक्रम आमनागरिकलाई जानकारी गराउनुपर्ने वरिष्ठ अधिवक्ता हरिहर दाहालले बताउनुभयो ।

"हाल भएको सरकारी समीकरण राज्यसत्ता पाउने उद्देश्यमा मात्र सीमित गरिए सरकारमा आबद्ध दलहरुको विश्वासनीयता खस्कने र संविधान एवं स्थापित लोकतान्त्रिक प्रणालीलाई जोखिम हुनेछ", समाजको अवधारणापत्रमा उल्लेख गरिएको छ । दलहरुबीच भएको प्रतिबद्धता र सहमतिलाई सम्बद्ध दलबीचको आधिकारिक निर्णयबाट सार्वजनिक गरिनुपर्ने उक्त पत्रमा भनिएको छ । अन्तरक्रिया कार्यक्रममा धारणापत्रमा प्रस्तुत गर्दै वरिष्ठ अधिवक्ता दाहालले संविधान संशोधनको विषयमाथि प्रकाश पार्दै संविधानका सबल र कमजोर पक्ष निर्क्योल गरी संशोधनको विषयमा प्रवेश गर्नुपर्ने बताउनुभयो ।

सरकारमा सहभागी प्रमुख दलबीच संविधान संशोधनको विषयमा पनि प्रतिबद्धता गरिएको विषय चर्चामा आएको उल्लेख गर्दै वक्ता अरुण सुवेदीले वर्तमान समीकरणले आमनागरिकका समस्या समाधान गर्नेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो । वरिष्ठ पत्रकार हरिहर विरहीले देशमा विकृति बढ्दै गएको टिप्पणी गर्दै वर्तमान समीकरणमा आबद्ध दलहरु प्रतिबद्धता र स्थिरताप्रति उत्तरदायी हुनुपर्ने बताउनुभयो ।

विचार समाजका पूर्वअध्यक्ष डा केदारनरसिंह केसीले सरकारमा आसिन दुई दलका नेताबीच भएको भनिएको प्रतिबद्धता सार्वजनिक र पारदर्शी हुनुपर्ने माग गर्नुभयो । प्रजातान्त्रिक विचार समाजका अध्यक्ष कुलचन्द्र वाग्लेको सभापतित्वमा भएको कार्यक्रम उक्त अवधारणा पत्रमा प्रस्तुत विषयमा केन्द्रित गरिएको थियो । उहाँले संविधान संशोधनको आवश्यकता र औचित्यसम्बन्धी केही बुँदा समावेश गरी तयार पारिएको पत्र प्रस्तुत गर्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रममा बीपी सहकारी, सामुदायिक अस्पतालका अध्यक्ष एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य उमेशजङ्ग रायमाझी, प्राध्यापक एवं मानवअधिकारविज्ञ कपिल श्रेष्ठ, संविधानसभा सदस्य जगदीशनर सिंह केसी, नेपाल चिकित्सक सङ्घका अध्यक्ष अनिल कार्की, इञ्जिनियर एशोसियशनका अध्यक्ष लक्ष्मण केसी, नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्साल, नेपाल शिक्षक सङ्घका वरिष्ठ उपाध्यक्ष इलम शाही, प्रजातन्त्रवादी लयर एशोसिएशन (डीएलए) का पूर्वअध्यक्ष यदुनाथ खनाल, विश्लेषक लोकेश ढकाल, प्रा डा हरिदर्शन श्रेष्ठ, मधुपर्क साहित्य मासिकका सम्पादक त्रिभुवनचन्द्र वाग्ले, राजनीतिकर्मी एवं साहित्यकार मोती बम, नेपाली कांग्रेस तनहुँका नेता रेशम गुरुङ र समाजका उपाध्यक्ष अनार बस्तेतलगायत वक्ताले सम्बन्धित विषयमा सुझाव प्रस्तुत गर्नुभएको थियो ।रासस

# 'विकासका लागि सबै एकताबद्ध हुनुपर्छ'

सिन्धुपाल्चोक । पूर्वस्वास्थ्य तथा जनसत्ृयामन्त्री मोहनबहादुर बस्नेतले विकास निर्माणका काममा सबै एकजुट हुनुपर्ने बताउनुभएको छ । शनिबार मेलम्ची नगरपालिका-३ हैबुङस्थित स्वास्थ्य चौकी भवन उद्धाटन तथा निःशुल्क स्वास्थ्य शिविरको उद्धाटन गर्नुहुँदै उहाँले विकास निर्माण, स्वास्थ्य, शिक्षालगायतका काममा सबै एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

प्रतिनिधिसभा सांसद बस्नेतले आफ्नो कार्यकालमा विपन्न नागरिकलाई निःशुल्क उपचार गर्ने व्यवस्था गरेको उल्लेख गर्दै राज्यले नै शिक्षा र स्वास्थ्यलाई बढी जोड दिनुपर्ने बताउनुभयो । उहाँले नवनिर्मित स्वास्थ्य चौकीमा आवश्यक जनशक्ति र सामग्रीको व्यवस्थापन गर्न आफूले पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

बागमती प्रदेशसभा सदस्य कृष्णकुमार तामाङले मेलम्ची नगर अस्पताललाई प्रादेशिक अस्पताल बनाउन रु एक करोड ५० लाख बजेट प्रदेशबाट विनियोजन गरिएको जानकारी दिनुभयो । उहाँले नवनिर्मित स्वास्थ्य चौकीलाई नगर अस्पताल बनाउनुपर्ने र त्यसका लागि आफ्नोतर्फबाट पहल गर्ने बताउनुभयो । मेलम्ची नगरपालिका प्रमुख आइतमान तामाङले अस्पतालमा आवश्यक जनशक्ति र कर्मचारीको व्यवस्था नगरपालिकाले गर्ने र अन्य उपकरण प्रदेश तथा सङ्घ सरकारले उपलब्ध गराउन आग्रह गर्नुभयो ।

नगर उपप्रमुख उमा प्रधानले सुविधा सम्पन्न भवन बनेसँगै गुणस्तरीय र सहज रूपमा सेवासुविधा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले स्वास्थ्य चौकी निर्माणसँगै यस क्षेत्रका नागरिकले मेलम्ची वा काठमाडौं पुग्नुपर्ने बाध्यता अन्त्य गर्न सघाउ पुऱ्याउने विश्वास व्यक्तल गर्नुभयो ।रासस

# विश्वविद्यालयका अनुसन्धानलाई समुदायसँग जोड्नुपर्छ : मन्त्री भट्टराई

पाटन ।साउन, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले विश्वविद्यालयसँग भएका अनुसन्धानलाई समुदायसँग जोड्नुपर्छ भन्ने धारणा राख्नुभएको छ । काठमाडौं विश्वविद्यालय स्कूल अफ एजुकेशनद्वारा शनिबार ललितपुरमा आयोजित वर्तमान शिक्षा नीतिको कार्यान्वयन अवस्था सम्बन्धी छलफलमा उहाँले अनुसन्धानकर्तालाई समुदायसँग जोड्दै विद्यार्थीको आँखाबाट फलदायी हुने तालिम, सीप र क्षमता अभिवृद्धिका काम गर्नुपर्छ भन्नुभयो ।

"विश्वविद्यालयले अनुसन्धान गरेका विषयवस्तुलाई ग्रहण गर्नेमा अहिलेसम्मका सरकारले ध्यान दिन सकेको छैन, कार्यकारी भूमिकामा रहेको सरकार र विश्वविद्यालय अन्तरसम्बन्धित भएर अगाडि बढ्नुपर्छ, निरन्तर सम्वाद चल्नुपर्छ, युवा देशबाट विदेशिनुको कारण राज्य पहिलो भन्ने कुरा स्थापित गर्न नसक्नु हो, हामीले पारस्परिक सहकार्य र सहयोगका माध्यमबाट यसलाई समाधान गर्न सक्छौँ ।" मन्त्री भट्टराईले भन्नुभयो ।

उहाँले विश्वविद्यालयसँग समन्वय गरेर ७० प्रतिशत प्राविधिक शिक्षालाई जोड दिनुपर्नेछ जनाउनुहुँदै प्रदेश र स्थानीय तहसँग बसेर धेरै काम गर्न बाँकी छ भन्ने धारणा राख्नुभयो । उहाँले युवाहरुको चाहानमा देशको विकास गर्ने गरी उनीहरुकै चाहनामा ज्ञानसीप युक्त बनाउन तालिम र कोषको विकास गरिनुपर्छ भन्नेमा जोड दिनुभयो ।

"हामी विद्यार्थीमैत्री हुन सकेका छैनौँ, विद्यार्थीको आँखाबाट फलदायी हुने तालिम, सीप र क्षमता अभिवृद्धिका काम गर्नुपर्छ, तीनै तहका सरकारले निर्धारण गरेका योजनालाई जोड्नुपर्छ", उहाँले भन्नुभयो । प्रविधिको क्षेत्रमा विश्वविद्यालयसँग समन्वय र छलफल गर्ने बताउनुहुँदै मन्त्री भट्टराईले दुई दिने कार्यक्रमबाट प्राप्त निष्कर्ष मन्त्रालयले पाउने विश्वास व्यक्त गर्नुभयो । काठमाडौं विश्वविद्यालयका उपकूलपति प्रा डा भोला थापाले विश्वविद्यालयको काम शिक्षा र सेवा दिने मात्रै हैन अनुसन्धान गर्ने पनि हो भन्ने धारणा राख्नुभयो । "नौलो र नवीन काम गर्न डराउनुहुँदैन, विद्यालय शिक्षालाई उत्कृष्ट बनाउन उच्चशिक्षा पनि राम्रो हुनुपर्छ, देशको उन्नति र स्रोतसाधनको उपयोगका लागि ध्यान दिनुपर्छ । जिम्मेवारी, रणनीति योगदानको मूल्याङ्कन गर्दै नेपालको शिक्षालाई अगाडि बढाउने काममा हामीले गर्ने काम महत्वपूर्ण हुनेछ ।" प्रा डा थापाले भन्नुभयो ।माध्यमिक शिक्षकको हैसियतभन्दा प्राविधिक धारका शिक्षा दिने इञ्जिनियरको मान्यता विद्यालय तहमा नहुनुले समस्या छ भन्नुहुँदै उहाँले विद्यार्थीले खोजेका चाहना पूरा गरेर ज्ञान पनि भरिदिनुपर्ने अहिलेको आवश्यकता रहेको बताउनुभयो ।



नवीनतम प्रविधि र शिक्षाको क्षेत्रमा नेपाल सरकारले के भन्छ भन्दा पनि अन्तर ाष्ट्रिय संस्थाहरुले के भन्छ भन्ने अहिले हाम्रो चुनौती छ भन्नुहुँदै उहाँले विश्वविद्यालयले 'मेन्टरिङ' गर्नेमा ध्यान दिनुपर्छ भन्नेमा जोड दिनुभयो । हामीलाई समृद्ध बनाउने परम्परागत सीपलाई छोडेर आधुनिकतातर्फ जाँदा दुःख पाइरहेका छौँ भन्नुहुँदै उहाँले काठमाडौं विश्वविद्यालय राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा अत्यन्तै प्रभावकारी ढङ्गले अगाडि बढ्ने बताउनुभयो ।

मन्त्रालयका सहसचिव बैकुण्ठप्रसाद अर्यालले प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदान गर्ने निकायमा विद्यार्थी भर्ना दर सन्तोषजनक नभएको बताउनुभयो । उहाँले प्राविधिक शिक्षाका क्षेत्रमा लक्ष्य र बजारको तालमेल हुन सकिरहेको छैन भन्दै यसतर्फ सरकारको बजेट विनियोजन कम भएको धारणा राख्नुभयो । उहाँले बजारको मागअनुसार सिटिइभिटीको क्षमता अभिवृद्धि गर्ने कार्यलाई ध्यान दिनुपर्नेमा ध्यानाकर्षण गर्नुभयो ।काठमाडौं स्कुल अफ एजुकेशनका डीन प्रा डा बालचन्द्र लुइँटेलले विश्वविद्यालयले तीन वर्षयता समुदायसँग मिलेर काम गरिरहेको जानकारी गराउनुभयो । उहाँले देशका १९ वटा पलिकाका समुदायमा पुगेर ३६ वटा शैक्षिक संस्थाका साथै अन्य निजी संस्थासँग मिलेर काम गरिरहेको बताउनुभयो ।

पूर्वडिन तथा प्राध्यापक डा महेशनाथ पराजुलीले प्राविधिक र व्यावसायिक शिक्षा क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको विश्वविद्यालयले देशभरका विभिन्न पाँच स्थानमा कार्यक्रम गर्दै आएको र सात वर्षदेखि विभिन्न विषयमा अनुसन्धान गरेको जानकारी गराउनुभयो ।

# विश्वव्यापी प्राविधिक समस्याबाट प्रभावित एयरलाइन्स सेवा पुनः सुचारु



एएफपी

पेरिस,फ्रान्स । माइक्रोसफ्ट प्रोग्रामको एन्टिभाइरस अद्यावधिकको समयमा भएको विश्वव्यापी प्राविधिक अवरोधका कारण प्रभावित बैंङ्क, वित्तीय संस्था, एयरलाइन्सलगायतका सेवाहरु शनिबार बिस्तारै लयमा फर्किरहेका छन् ।

अद्यावधिकको समयमा शुक्रबार विश्वव्यापी आईटी प्रणालीमा आएको अवरोधपछि दर्जनौं उडानहरू रद्द भएका थिए ।एसियाका हङकङ, दक्षिण कोरिया र थाइल्यान्डलगायतका एयरपोर्ट चेक-इन सेवा पुनःसुचारु गरेका छन् भने भारत, इन्डोनेसिया सिङ्गापुरका एयरपोर्टले शनिबारसम्म सामान्य अवस्थामा फर्किने बताएका छन् ।

थाइल्यान्डका एयरपोर्टहरूमा चेक-इन प्रणाली सामान्य अवस्थामा फर्किएको राष्ट्रपति किराती किटमानावतले बताउनुभयो । साइबर सुरक्षा फर्म क्राउडस्ट्राइकले माइक्रोसफ्ट विन्डोजलाई असर गर्ने त्रुटिपुर्ण सफ्टवेयर अध्यावधिक गर्ने क्रममा बिहीबार विश्वव्यापी प्राविधिक समस्या सुरु भएको माइक्रोसफ्टले जनाएको छ ।क्राउडस्ट्राइकले उत्पन्न समस्याको समाधान भएको बताउदै कम्पनीका सञ्चालक जर्ज कुर्ट्जले प्रभावित सबै निकायसँग माफी मागेको अमेरिकी समाचार च्यानल सिएनबीसीले जनाएको छ। क्राउडस्ट्राइकले समस्याबाट प्रभावितहरूसँग सम्पर्कमा रहि आवश्यकताअनुसार सहयोग प्रदान गर्न तयार भएको अमेरिकी राष्ट्रपति जो बाइडेनको टोलीले विज्ञप्तिमार्फत जनाएको छ ।बेलायतको स्काइ समाचार संस्थाले समाचार प्रसारणमा आएको समस्या समाधान भएको बताएको छ ।

अस्ट्रेलियाको एबिसीले पनि प्रसारणमा समस्या आएको रिपोर्ट गरेको थियो ।

अस्ट्रेलियामा सेवाहरू हाल सामान्य लयमा फर्केको भएतापनि सिड्नी एयरपोर्टले अझैसम्म उडानमा ढिलाइ भएको रिपोर्ट गरिरहेको छ । केन्या र युक्रेनका बैंकिङ एवं अन्य सेवामा आएको प्रविधिक समस्याले धेरै ग्राहकहरू प्रभावित भएको गुनाशो गरेको थियो । अमेरिकी सङ्घीय उड्डयन प्रशासन (एफएए) ले सबै उडानहरू बन्द गर्ने आदेश दिएको थियो यद्यपि एयरलाइन्सले पछि आफ्ना सेवाहरू पुनः स्थापना गरिरहेको जनाएका छन् ।

भारतीय एयरलाइन्स इन्डिगोले सामाजिक सञ्जाल एक्समार्फत समस्या समाधान भएको जनाएको छ । यसैबीच चिनियाँ सरकारी मिडियाले बेइजिङका विमानस्थल तथा उडान सेवाहरु विश्वव्यापी आउटेजले प्रभावित नभएको जनाएको छ ।युरोपमा बर्लिनलगायत प्रमुख एयरपोर्टहरूले शुक्रबार सबै उडानहरू स्थगित गरेका थिए भने हाल सेवाहरु पुनः सुरु भएको बताएका छन् ।

कम्पनीका सञ्चालक कुर्ट्जले शुक्रबार आएको सम्सयाबाट प्रभावित ग्राहकहरूलाई मद्दत गर्न कम्पनीका कर्मचारीहरु पूर्ण रूपमा परिचालन गरिएको विज्ञप्तिमार्फत उल्लेख गर्नुभएको छ । विश्वव्यापी सफ्टवेयरमा आएको यस्तो समस्याले एकै समयमा धेरै सेवाहरु प्रभावित हुन सक्ने भएकाले पुर्वाधारहरु सामान्य समस्याहरू विरुद्ध लचिलो हुने गरी विकास गर्न आवश्यक रहेको बेलायतको योर्क विश्वविद्यालयका प्राध्यापक जोन म्याकडर्मिडले बताउनुभयो ।

# प्यालेस्टिनी क्षेत्रमा "गैरकानुनी" उपस्थिति अन्त्य गर्न आह्वान

सिन्ह्वा

दहेग । अन्तर्राष्ट्रिय न्याय अदालत (आइसीजे) ले शुक्रबार इजरायललाई कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा "गैरकानुनी" उपस्थिति छिटै अन्त्य गर्न आह्वान गरेको छ ।

हेगस्थित राष्ट्रसङ्घीय अदालतको सार्वजनिक सत्रमा, आईसीजेका अध्यक्ष न्यायाधीश नवाफ सलामले पूर्वी जेरुसेलम लगायत प्यालेस्टिनी क्षेत्रमा इजरायली कब्जाको कानुनी परिणामका बारेमा संयुक्त राष्ट्र महासभाको अनुरोधमा सल्लाहकार राय प्रस्तुत गर्नु भएको थियो ।

प्यालेस्टिनी क्षेत्रमा इजरायलको उपस्थिति गैरकानूनी भएको उहाँले उल्लेख गर्नु भएको छ । गैर-बाध्यकारी दस्तावेजमा, अदालतले इजरायली बस्तीमा अन्तर्राष्ट्रिय कानून बमोजिम प्रतिबन्धित भएको जनाउदै तुरुन्तै यस्ता गतिविधिहरू रोकी मानवियता संरक्षण गर्न हाग्रह गरेको छ ।



कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रका प्रभावित प्राकृतिक तथा कानुनी व्यक्तिहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने दायित्व इजरायलको भएको उहाँले उल्लेख गर्नु भएको छ ।

अदालतले राष्ट्रसङ्घ लगायत राज्य र अन्तर्राष्ट्रिय संस्थाहरू प्यालेस्टिनी क्षेत्रमा इजरायलको गैरकानुनी उपस्थितिलाई "कानुनी रूपमा मान्यता नदिने पक्षमा छन् ।महासभा र सुरक्षा परिषद्ले कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा इजरायलको गैरकानुनी उपस्थितिलाई सकेसम्म चाँडो अन्त्य गर्न आवश्यक कदम र कार्यहरू निर्धारण गर्नु पर्ने जनाएको छ ।

सन् २०२२ डिसेम्बर-३० मा, संयुक्त राष्ट्र महासभाले पूर्वी जेरुसेलम लगायत प्यालेस्टिनी क्षेत्रमा इजरायलको कब्जाको कानुनी परिणामको बारेमा सल्लाहकार राय प्रदान गर्न आईसीजेलाई अनुरोध गर्ने प्रस्ताव पारित गरेको गियो ।रासस

# गाजामा मृत आमाको कोखबाट नवजात शिशुको उद्धार



एएफपी

गाजा पट्टी । इजरायली आक्रमणमा घाइते भएकी एक आमाको कोखबाट एक नबजात शिशुलाई जीवितै उद्धार गरिएको गाजास्थित एक अस्पतालले शनिबार जनाएको छ ।

हमासद्वारा सञ्चालित क्षेत्रमा भएको क्षेप्यास्त्र आक्रमणमा एकै परिवारका छ सदस्यसहित २४ जनाभन्दा बढीको मृत्यु भएको र त्यसमा एक नौ महिनाकी गर्भवती ओला अदनान हर्ब अल कुर्द पनि रहेको बताइएको छ । सर्जन अकरम हुसेनका अनुसार कुर्द अल अवदा अस्पताल पुग्दासम्म मृत्यु भइसकेको थियो । चिकित्सकहरूले आमाको मृत्यु भइसकेको थाहा पाएपछि अल्ट्रासाउन्ड गर्दा बच्चाको मुटुको धड्कन चलिरहेको पाएपछि तत्काल शल्यक्रिया गरी पेटभित्रको नवजात शिशुलाई सकुशल उद्धार गरेका थिए ।

"हामी (चिकित्सक र स्वास्थ्यकर्मीको उपलब्ध टोली) ले तुरुन्तै आपतकालीन शल्यक्रिया गरी भ्रूणलाई सकुशल मृत आमाको पेटबाट निकाल्न सफल भएका छौँ," ती सर्जन हुसेनले एएफपीसँग भन्नुभयो । अस्पतालको प्रसूति तथा स्त्रीरोग विभागका प्रमुख रैद अल साउदीका अनुसार नवजात शिशुको अवस्था सुरुमा गम्भीर थियो, तर अक्सिजन र उपचारपछि उनको उपचार स्थिर छ ।

शिशुलाई 'इन्क्युबेटर' मा राखी थप रेखदेख र उपचारका लागि देइर अल-बलाहको अल-अक्सा अस्पतालमा स्थानान्तरण गरिएको छ । मध्य गाजास्थित नुसिरात शरणार्थी शिविरमा इजरायली क्षेप्यास्त्र प्रहारबाट कुर्दसहित तीन महिला र एक बालकको मृत्यु भएको अल अवदा अस्पतालका एक मेडिकल अधिकारीले जानकारी दिनुभएको छ । उहाँको घरमा भएको आक्रमणमा मृत महिलाका पति पनि घाइते भएको अस्पताल स्रोतले जानकारी गराएको छ ।

इजरायलले आक्रमण र व्यक्तिगत क्षतिबारे पुष्टि गरेको छैन तर सेनाले जारी गरेको विज्ञप्तिमा मध्य गाजामा रहेका आतङ्कवादी संरचनास्थलमा सेनाले लक्षित आक्रमण गरिरहेको उल्लेख गरिएको छ ।गत अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूहले दक्षिणी इजरायलमा गरेको आक्रमणपछि हमासमाथि दबाब बढाउन इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले दिएको आदेशअनुसार इजरायलले उक्त क्षेत्रका विभिन्न भागमा आक्रमण तीव्र पारेको थियो ।

# मेक्सिकोका अधिकारकर्मीको परिवारसहित गोली हानी हत्या




एएफपी

मेक्सिको । मेक्सिकोका एक आदिवासी अधिकारकर्मी र उहाँको परिवारको अज्ञात समुहद्वारा गोली हानी हत्या गरेको अभियोजकको कार्यालयले शुक्रबार जनाएको छ।

दक्षिणी राज्य ओक्साकाको राजमार्गमा यात्रा गरिरहेका अधिकारकर्मी लोरेन्जो सान्टोस टोरेस र उहाँको परिवार सवार पिक-अप ट्रक रोकेर बिहीबार गोली हानी हत्या गरिएको थियो । त्यसपछि आक्रमणकारीहरूले टोरेस र उहाँको परिवारलाई भित्र राखेर गाडीमा आगो लगाइदिएको राज्य अभियोजकको कार्यालयले जनाएको छ । "हिंसात्मक तरिकाले भएको अपराधको हामी निन्दा गर्दछौं", राज्य अभियोजक बर्नार्डो रोड्रिग्ज अलामिलाले पत्रकारहरूलाई भन्नुभयो । उहाँले उक्त आक्रमण 'बदलाको भावनाबाट प्रेरित' भएको हुन सक्ने बताउनुभयो । सान्टोस टोरेस ओक्साकामा सक्रिय मानव अधिकार अभियानकर्ता हुनुहुन्थ्यो ।

आदिवासीका लागि मानवअधिकार तथा परामर्श केन्द्र (सेडापी) का अनुसार आदिवासी समुदायको राजनीतिक, सामाजिक र भूमि अधिकारको रक्षाका लागि गरिएको कामका लागि उहाँलाई धम्की आएको थियो।

"लोरेन्जो सान्टोस टोरेसले सान्टियागो अमोलटेपेक सहरको नगरपालिकाका अधिकारीहरूले गरेको अन्यायको विरोध गर्नुभएको थियो", हत्याराहरूलाई सजाय दिन आह्वान गर्दै सेडापीले भन्यो ।

लामो समयदेखि लागुऔषध तस्करी र कृषि भूमिसम्बन्धी विवादसँग जुधिरहेको मेक्सिकोमा हालैका वर्षहरूमा धेरै मानव अधिकारकर्मीहरुको हत्या भएको छ।

# गाजाको वातावरणीय नमूनाहरुमा पोलियो भाइरस फेला

सिन्ह्वा

संयुक्त राष्ट्र सङ्घ । गाजाको वातावरणीय नमूनामा पोलियो भाइरस पत्ता लाग्नु गहिरो चिन्ताको विषय रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । तर हालसम्म पक्षाघात रोगको कुनै घटना नभेटिनु राहतको कुरा रहेको राष्ट्रसङ्घका मानवतावादीहरूले शुक्रबार बताएका छन् ।

यो भाइरसले विशेष गरी खोप नलगाएका र शारीरिक रुपमा कमजोर बच्चाहरूमा पक्षाघात निम्त्याउन सक्ने जनाइएको छ ।"विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले खान युनूस र देइर अल बलाह सहरबाट सङ्कलन गरेका छ वटा वातावरणीय नमूनामा पोलियोको दोस्रो भेरियन्टको भाइरस फेला परेको जनाएको छ", मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए)ले भन्यो, "हालसम्म कुनै पक्षाघातका घटनाहरू भने पत्ता लागेको छैन।"



ओसिएचएले गाजाको आश्रय स्थानहरूमा बढ्दो भीडभाड, सफा पानीको अभाव, सरसफाई र स्वच्छताको खराब अवस्थाले निम्त्याएको सङ्क्रामक रोगहरूको फैलावटप्रति चिन्ता व्यक्त गरेको हो ।डब्ल्यूएचओका प्रमुख टेड्रोस एड्हानोम गेब्रेयससले आफ्नो एजेन्सी, युनिसेफ, प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्र राहत र कार्य एजेन्सी (यूएनआरडब्लुए) र गाजा स्वास्थ्य मन्त्रालयले पोलियो भाइरस सङ्क्रमणको दायरा बुझ्न यसको जोखिम मूल्याङ्कन गरिरहेको बताउनुभयो ।

उहाँले गाजाको स्वास्थ्य प्रणालीको विनाश, चिकित्सा आपूर्तिको अभाव, जनसङ्ख्याको निरन्तर विस्थापन, कमजोर सरसफाई , पानीको खराब गुणस्तर र सुरक्षाको अभावले पोलियोलगायत 'खोप-रोकथाम योग्य' रोगहरूको जोखिम बढाइरहेको चेतावनी दिनुभयो । गाजामा अक्टोबर ७ मा द्वन्द्व सुरु भएदेखि श्वासप्रश्वास नलीमा सङ्क्रमणका लगभग दशलाख घटनाहरू पुष्टी भएको र अन्य सङ्क्रामक रोगहरू बढ्दै गएको डब्ल्यूएचओको जुलाई ७ सम्मको अध्ययनले जनाएको छ।

# महिला हिंसाको मजाक बनाएको भन्दै ब्राजिलका राष्ट्रपतिको आलोचना



एएफपी

रियो दि जेनेरियो । ब्राजिलका राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भाले यस हप्ता महिलाविरुद्ध हुने हिंसाको विषयमा मजाक गरेपछि विवाद सृजना भएको छ ।

ब्रासिलियाका मन्त्री र व्यापारिक नेताहरूसँगको वार्तामा राष्ट्रपति लुलाले महिलाविरुद्ध बढ्दो दुर्व्यवहारको नयाँ तथ्याङ्क एक "दुखद समाचार" रहेको बताउनुभयो । त्यसपश्चात फुटबल खेलहरुमा प्राय महिला विरुद्धको दुर्व्यवहार बढ्दो हुने भन्ने विषयमा भएको एउटा अध्ययनमा प्रतिक्रिया दिँदै ७८ वर्षीया राष्ट्रपतिले आफ्नो मनपर्ने फुटबल टोलीलाई जोड्दै "यदि हिंसा गर्ने व्यक्ती कोरिन्थियन टोलीका प्रशंसक हो भने, ठीक छ" भनेर मजाक गर्नुभएको थियो ।

प्रत्यक्ष प्रसारण गरिएको राष्ट्रपतिको उक्त अभिव्यक्तिले व्यापक आलोचना निम्त्याएको छ ।" लुलाको यो टिप्पणी कुनै पनि सन्दर्भमा हास्यास्पद छैन । राष्ट्रपतिको यस्तो मजाकले महिलाहिंसा सम्बन्धी ब्राजिल त्रासदीलाई सामान्य बनाउँछ । सन् २०१५ देखि कम्तिमा दश हजार छ सय महिला हिंसाको सिकार भएका छन्", एम्नेस्टी इन्टरनेसनलले सामाजिक सञ्जाल एक्समा लेखेको छ।

एम्नेस्टीले खेलको समयमा महिलाविरुद्ध शारीरिक आक्रामकता २१ प्रतिशतले बढेको प्रतिवेदनलाई उद्धृत गर्दै भनेको छ, "यो ठिक होइन।" पूर्व राष्ट्रपति जायर बोल्सोनारो पनि लुलाले अभिव्यक्तीलाई "मूर्खतापूर्ण" रहेको बताउनुभएको छ ।

राष्ट्रपतिको वामपन्थी श्रेणीभित्रबाट पनि भर्त्सना गरिएको थियो, काङ्ग्रेस महिला फर्नान्डा मेल्चियोन्नाले सामाजिक सञ्जाल एक्समा पोस्ट गर्नुभयो "घरेलु हिंसा कुनै मजाक होइन।"

# बङ्गलादेशमा हिंसात्मक आन्दोलनका कारण प्रधानमन्त्री हसिनाको विदेश भ्रमण रद्द

ढाका । एएफपी

बङ्गलादेशमा प्रदर्शनकारी विद्यार्थी र प्रहरीबीचको झडपपछि प्रधानमन्त्री शेख हसिनाले विदेश भ्रमण रद्द गर्नुभएको छ । आन्दोलनले चर्को रुप लिँदै गएपछि मुलुकका विभिन्न सहरमा सैनिकहरु तैनाथ गरिएको छ ।



अस्पतालका झडपमा अहिलेसम्म कम्तीमा १०५ जनाले ज्यान गुमाइसेका छन् । बङ्लादेशमा जारी आन्दोलन नियन्त्रण गर्न प्रहरी असफल भएपछि प्रधानमन्त्रीको कार्यालयले गत मध्यरातबाट सेना परिचालन र कर्फ्यू आदेश जारी हो ।सरकारले नागरिकहरूको सहायताका लागि कर्फ्यु लगाउने र सेना तैनाथ गर्ने निर्णय गरेको प्रधानमन्त्री हसिनाका प्रेस सचिव नईमुल इस्लाम खानले बताउनुभएको छ ।

राजधानी ढाकाका सडकहरू शनिबार बिहानैदेखि सुनसान छन् । सेना र बख्तरबन्द कर्मचारी वाहकले गस्ती गरिरहेका छन् । यसै क्रममा कर्फ्यूलाई बेवास्ता गर्नेलाई प्रहरीले घर फर्काइ रहेको छ । कर्फ्यु आइतबारसम्म कायम रहने निजी प्रसारण च्यानल-२४ ले रिपोर्ट गरेको छ ।रासस

# युक्रेनी पूर्व सांसदको गोली हानी हत्या



एएफपी

किएभ । युक्रेनी भाषाको बचाउ गर्दै बारम्बार मुखर अभिव्यक्ति दिने एक पूर्व युक्रेनी राष्ट्रवादी सांसदको गृहनगर एलभिभमा एक बन्दुकधारीले गोली हानी हत्या गरेको प्रहरीले बताएको छ ।

युक्रेनको अतिराष्ट्रवादी स्वोबोडा पार्टीकी सदस्य रहेकी ६० वर्षीया इरिना फारियनले केही समय संसदको सदस्यको रूपमा काम गर्नुभएको थियो ।


रूसी भाषा बोलेर अधिकारी र सैनिकलाई चिढ्याएको कारण उहाँ विवादमा तानिनुभएको थियो । "गोली लागि सख्त घाइते हुनुभएकी फारियनको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको छ," एल्भिभका नगर प्रमुख एन्ड्री साडोभीले शुक्रबार अबेर टेलिग्राममा गरेको पोस्टमा उहाँको चोट र मृत्युबारे तादाम्यता नदेखिएको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "युक्रेनमा अब कुनै सुरक्षित ठाउँ छैन। यस्तो निर्लज्ज, दुस्साहसी हत्या हुनुलाई नागरिकको सुरक्षाप्रतिका चासोका रूपमा हेरिएको छ । हत्यारालाई पत्ता लगाई तत्काल कडाकारबाहीगरिनुपर्छ।"युक्रेनको महान्यायाधिवक्ताको कार्यालयका अनुसार स्थानीय समयअनुसार शुक्रबार साँझ करिब ७:३० बजे एक अज्ञात बन्दुकधारीले फारियनलाई गोली हानेको अनुमान गरिएको छ ।

टाउकोमा गोली लागेको अवस्थामा गम्भीर अवस्थामा उहाँलाई अस्पताल लगिएको महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ । राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले शनिबार फारियनको हत्या भएको खबर प्राप्त भएको र उपलब्ध सबै निगरानी क्यामेराको जाँच भइरहेको बताउनुभएको छ । उहाँले भन्नुभयो, "सबै अनुसन्धानात्मक कार्यहरू जारी छन् । अनुसन्धानका लागि रूसतर्फ जाने नाकामा पनि सुरक्षा जाँचलाई कडा पारिएको छ । रासस

# एकवर्षमा ६३ सर्पको उद्धार

राँझा। डिभिजन वन कार्यालय बाँकेले गत आर्थिक वर्ष २०८० /८१ मा ९९ वन्यजन्तुको उद्धार गरेको छ। एक वर्षको अवधिमा सबैभन्दा धेरै ६३ सर्पको उद्धार गरिएको डिभिजन वन कार्यालय बाँकेका सूचना अधिकारी वीरेन्द्रकुमार रोकाले जानकारी दिनुभयो।



उहाँका अनुसार एक वर्षको अवधिमा गोहोरो पाँच, अजिङ्गर १३, बाँदर तीन, मगर गोही एक, जरायो एक, चित्तल आठ, निर बिरालो तीन, डगर गिद्ध एक र निलगाई एक उद्धार गरिएको छ। डिभिजन वन कार्यालयले अघिल्लो आव वर्ष २०७९/८० भन्दा आव २०८०/ ८१मा ५७ बढी वन्यजन्तुको उद्धार गरेको छ। आव २०७९/८० मा ४२ वन्यजन्तुको उद्धार भएको थियो। यसैगरी आव २०७८/७९ मा ३१, आव २०७७/७८ मा ३४ र आव २०७६/७७ मा १७ वन्यजन्तुको उद्धार भएको सूचना अधिकारी रोकाले जानकारी दिनुभयो।

गत आवमा वन्यजन्तुबाट भेडाबाख्रा ६९, गाईगोरु/भैंसी नौ, बङ्गुर सात, माछा दुई हजार, हाँस १२ र कुखुरा १० क्षति पुगेको छ।

बाँके राष्ट्रिय निकुञ्ज तथा सो को मध्यवर्ती क्षेत्र बाहेक जिल्लाका सम्पुर्ण भू-भाग डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र पर्दछ। उक्त क्षेत्रभित्र रहेका राष्ट्रिय वन, सामुदायिक वनको संरक्षण, व्यवस्थापन, सदुपयोग तथा वन्यजन्तुको संरक्षण लगायत स्थानीय जनतालाई निजी वन स्थापना र विकास गर्न सहयोग पुग्ने कार्य गर्दै आएको डिभिजन वन कार्यालय बाँकेका डिभिजनल वन अधिकृत अजितकुमार कर्णले जानकारी दिनुभयो।रासस

# छैनन् मैथली भाषाका स्वदेशी चलचित्र

काठमाण्डु । नेपालमा नेपालीसँगै अन्य भाषामा पनि चलचित्र बन्ने गरेका छन्। ती चलचित्र कम संख्यामा निर्माण हुनुका साथै निश्चित भेगमा मात्र सीमित छन्। उनीहरू आफ्नो भाषाको बाहुल्यता भएका दर्शक माँझ मात्र प्रदर्शन भइरहेका छन्। यद्यपि तराई क्षेत्रमा बोलिने मैथली भाषालाई लक्षित गर्दै चलचित्र निर्माण रोकिएको झैँ छ।



तराईमा चलचित्र भवनको संख्या राम्रो भए पनि हिन्दी र भोजपुरी भाषामा तयार भएका चलचित्रको दबदबा छ। तराईमा बोलिने मैथली भाषामा चलचित्र निर्माण नभएपछि ती चलचित्र भवनमा फाट्टफुट्ट नेपाली भाषाका चलचित्र प्रदर्शन हुन्छन्।

मैथली भाषामा बन्ने चलचित्र, लघुचलचित्रको संख्या निक कम छ।

मिथिला संस्कृति र मैथली भाषालाई प्रवर्द्धन गर्ने उद्देश्यले केही समय अगाडि जनकपुरधाममा पहिलोपटक दुई दिने 'मैथली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' आयोजना गरिएको थियो। उक्त महोत्सवमा नेपालसँगै भारतमा रहेर मैथली भाषाका चलचित्र, लघुचलचित्र र वृतचित्र निर्माण गरिरहेका व्यक्तिहरू उपस्थित थिए।

त्यहाँ प्रदर्शन भएका चलचित्रमा नेपालबाट बनेको कुनै मैथली भाषाको चलचित्र थिएन। स्वदेशी मैथली भाषाको चलचित्र नहुनु दुःखद् रहेको निर्देशक तथा कलाकार रमेश रञ्जन झाले बताउनुभयो।

"छोटा चलचित्र बनेका छन्, तर ठूला चलचित्र नबन्दा यहाँका जनशक्ति बाहिरका उद्योगमा गएर काम गरिरहेका छन्, तर हामी आशावादी छौँ, किनकि अब नयाँपुस्ताले नवीतम सोच र कथा ल्याउने छन्, वीरगञ्जदेखि जनकपुर हुँदै तयारको बजारलाई लक्षित गर्दै कसैले त अवश्य प्रयास गर्नेछन्", झाले भन्नुभयो।

उहाँ निर्माता तथा निर्देशकलाई प्रोत्साहन गर्न 'मैथली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' हरेक वर्ष आयोजना गर्ने तयारीमा हुनुहुन्छ।

उहाँका अनुसार अहिले निर्माण हुने ससाना चलचित्र रहरिया (रहर गर्ने) ले तयार गरेका छन्। अभिनेता तथा निर्देशक नीर शाहले चलचित्रकर्मी अन्तर सांस्कृतिक हुन नसकेका कारण त्यसको प्रभाव चलचित्रमा परेको विश्लेषण गर्नुभयो। उहाँले विविधतायुक्त देशको संस्कृतिले एकअर्कालाई एकताको सूत्रमा आबद्ध गरेको बताउनुभयो।

"अहिले विदेशी चलचित्रकर्मीसँग लगानीको अभाव छैन। धेरै ठूला बजेटमा चलचित्र बनेको खबर सुन्ने गरिन्छ, तर त्यसमा विषयवस्तुको अभाव देखिन्छ, त्यसकारण हामीले हाम्रो कथालाई हाम्रो भाषा र शैलीमा चलचित्रमा प्रस्तुत गर्न ढिलो गर्न हुँदैन, यसमा सम्बन्धित निकायको सहयोग र सहभागिता पनि जरुरी छ, नत्र हाम्रो कथालाई विदेशीले विदेशी भाषामा तयार गर्नेछन् र हामी हेर्न बाध्य हुनेछौँ, यो अवस्था नआउला भन्न सकिन्न", अभिनेता शाहले भन्नुभयो।

'सस्ता जिन्दगी महङ्ग सिन्दुर',' गामक घर', 'ललका पाग' जस्ता मैथली भाषामा बनेको चलचित्र नै अहिले पनि तराईमा स्मरण गरिन्छ। त्यसलाई भारतीय कम्पनीले निर्माण गरेको हो। पछिल्लो समय डिजिटल प्लेटफर्ममा केही चलचित्र उपलब्ध छन्।

यद्यपि जनकपुर लगायतका तराईमा चलचित्र भवनमै प्रदर्शन गरिने चलचित्र लगभग छैन।

मैथली चलचित्रमा नयाँ पुस्ताले नवीतम सोच र कथा ल्याएको निर्देशक पुर्णेन्दु के झाको बुझाइ छ। विदेशमा मैथली भाषामा बनिरहेका चलचित्र हेर्नुका साथै ती चलचित्रकर्मीसँग संवाद गरेर उहाँ आफैँ पनि नयाँ चलचित्रको तयारीमा हुनुहुन्छ। उहाँ 'लेवर' नामक चलचित्र मैथली भाषामा तयार गरेर नेपाली र भोजपुरीमा स्वराङ्कन गराउने तयारीमा हुनुहुन्छ। यसले नेपालमै छरिएको बजारमा एउटै चलचित्रमार्फत पुग्न सकिने उहाँको बुझाइ छ।

"लगानीकर्ताले सुनिश्चित्ता चाहेका छन्, यहाँ उत्पादन भएका जनशक्ति बाहिरका चलचित्र उद्योगमा काम गरिरहेका छन्, हामीले गर्ने महोत्सवलगायत गतिविधिले मैथली चलचित्रकर्मीलाई जोड्ने काम गरिरहेका छौँ, यसले आगामी दिनमा संयुक्त रुपमा चलचित्र निर्माण गर्न प्रेरणा दिन्छ, आउँदो समय विस्तारै राम्रो हुन्छ भन्नेमा पूर्ण आशावादी छु", निर्देशक झाले भन्नुभयो।

तराईमा विशेषत कोशी र मधेस प्रदेशमा मैथिली चलचित्रको राम्रो बजार बन्न सक्ने जानकारहरुको बुझाइ छ। किनकि त्यहाँ 'सस्ता जिन्दगी महङ्ग सिन्दुर' चलचित्रले गरेको व्यापारको चर्चा आज पनि हुन्छ।

पछिल्लो समय चलचित्रसँगै गीतसङ्गीत, छोटा चलचित्रस्तरीय नबन्दा दर्शकले चासो देखाएका छैनन्। यसले गर्दा पनि मैथली भाषामा चलचित्र नबनेको धेरै समय भइसकेको छ।रासस

# ढोरपाटन पुग्ने सडकको दुरावस्था, पर्यटकलाई सास्ती

ढोरपाटन। यतिबेला ढोरपाटन क्षेत्र हरियाली भएका छन्। उपत्यकासहित चारै तिरका पहाड र समथर मैदानमा फुलेका रङ्गीन फूलले आगन्तुकलाई स्वागत गरिरहेका देखिन्छन्। प्रकृतिसँग रमाउन यो याममा धेरै आन्तरिक तथा बाह्य पर्यटक ढोरपाटन पुग्ने गर्छन्।

वर्षा सुरुभएसँगै यहाँ पुग्ने अधिकांश भागमा बाढीपहिरा र स्तरोन्नतिका कारण सडक बिग्रिदा पर्यटकले सास्ती खेप्नु परेको छ। ढोरपाटनको प्रवेशद्वार बुर्तिबाङ बजारबाट उकालो लाग्नासाथ पर्यटकलाई सास्ती हुने गरेको हो।ढोरपाटन पुग्न राष्ट्रिय प्राथमिकताको योजना सालझण्डी-ढोरपाटन सडकको प्रयोग गर्नुपर्छ। यस बाहेक ढोरपाटन पुग्ने विकल्पका सडक अहिलेसम्म निर्माण भएका छैनन्। बुर्तिबाङबाट ढोरपाटन पुग्न ३२ किलोमिटर दूरी पार गर्नुपर्ने हुन्छ।



सरकारले दुई वर्ष अगाडि उक्त खण्डको करिब २२ किमी सडक स्तरोन्नति गर्ने भन्दै ठेक्का लगाए पनि हालसम्म काम हुनसकेको छैन। निर्माण कम्पनीले सययमै काम नगर्दा ढोरपाटन पुग्ने पर्यटकले सास्ती खेप्नु परेको हो। नेपालको एक मात्रै सिकार आरक्ष ढोरपाटन सदाबहार सुन्दर देखिए पनि वर्षामा यहाँ पुग्ने कतिपय पर्यटक बीचबाटोमै अलपत्र पर्ने आवस्था भएको ढोरपाटन नगरपालिका-९ का गमबहादुर पुनले बताउनुभयो।"यो बेला चारैतिर हरियाली हुने हुँदा धेरै पर्यटकका यहाँ पुग्न रुचाउँछन्। सडकको दुरावस्थाका कारण आगन्तुक सहज रुपमा यहाँ पुग्न सक्दैनन्। बुर्तिबाङबाट बोबाङ गाउँसम्म जसोतसो यात्रा गरे पनि त्यसभन्दामाथि यात्रा गर्न निकै कठिन छ", उहाँले भन्नुभयो।

साँघुरो सडक खाल्डाखुल्डी र हिलाम्य हुँदा पर्यटकका सवारीसाधान ढोरपाटन पुग्नै सक्दैनन्। यस बेला अधिकांश पर्यटक मोटरसाइकल र जीपमा यात्रा गर्दछन्। कतिपय स्थानमा पहिरो जाने, स्तरोन्नति नहुँदा बिग्रिनेलगायत समस्याले कतिपय पर्यटक बीचबाटोमै अलपत्र पर्ने गरेका पुनले बताउनुभयो। हिउँदको समयमा पनि यातायातका साधान सहज रुपमा सञ्चालन हुन नसक्ने भन्दै वर्खामा अझ बढी सास्ती हुने उहाँको भनाइ छ। ट्र्याक खुलेको लामो समय बितिसक्दा एक पटक पनि स्तरोन्नति हुन नसक्दा सबैभन्दा बढी समस्या स्थानीय र पर्यटकले भोग्नु परेको पुनले उल्लेख गर्नुभयो।

"ढोरपाटन घुम्ने भनेर टाढाटाढाबाट पर्यटक आउँछन्, बाटोको अवस्थाले कोहीको सवारीसाधन बिग्रिन्छ, अनि बीच बाटोमा गाडी बिग्रिदा धेरै पर्यटक अलपत्र पर्ने गर्छन्", पुनले भन्नुभयो, "सरोकार भएका निकाय तथा राज्यले ठेकदारलाई समयमा सडक मर्मत गर्न दबाब दिनुपर्ने थियो। आलु, स्याउलगायत यहाँका कृषि उत्पादन बजारसम्म पुऱ्याउन सहज बाटो नहुँदा ढुवानी खर्च धेरै तिर्नुपर्छ, यात्रा पनि ज्यान जोखिममा राखेर गर्छौँ।"तराई र पहाडलाई जोड्ने गरी रुपन्देहीको सालझण्डीबाट अर्घाखाँची हुँदै बागलुङ ढोरपाटन जोड्ने उक्त खण्ड विसं २०७१ मा ट्र्याक खुलेको थियो। बडिगाडको गङ्गरेबाट ढोरपाटनसम्म ६१ किलोमिटर सडक बागलुङमा पर्दछ। सालझण्डीबाट ढोरपाटनसम्म एक सय ९७ किलोमिटर रहेको छ।

बडिगाड गाउँपालिका-१० गङ्गरे, निसीखोला गाउँपालिका-७ राजकुट, वडा नं १ देवीस्थान हुँदै ढोरपाटन जोडिएको सडक स्तरोन्नतिका लागि तीन वर्ष अघि ठेक्का सम्झौता भएको थियो। सम्झौता मिति सकिँदासम्म जम्मा ३० प्रतिशत मात्रै काम भएको सालझण्डी-ढोरपाटन सडक आयोजना कार्यालयका प्रमुख अञ्जु परियारले जानकारी दिनुभयो। आयोजना कार्यालयले बुर्तिबाबाट फल्लेघरसम्मको सडक स्तरोन्नति गर्न स्वच्छन्द/ओमबुद्ध जेभीसँग ३० महिनामा सक्ने गरी रु २५ करोडको सम्झौता भएको थियो। सडक स्तरोन्नति समयमै सक्न निर्माण कम्पनीलाई ताकेता गर्दागर्दै म्याद सकिएको उहाँले बताउनुभयो।

निर्माण कम्पनीले आगामी पुस मसान्तसम्मका लागि म्याद थप गरेको भन्दै उक्त समयमा नसके सम्झौता रद्द गर्ने तयारी गरिएको प्रमुख परियारले बताउनुभयो। "निर्माण कम्पनीले सुरुको चरणमा तीव्र गतिमा काम गरेको थियो, पछिपछि काम गरेन, कार्यालयले नियम अनुसार पत्र लेखी ताकेता गरिरहेको छ", उहाँले भन्नुभयो, "पुससम्म म्याद थप गरेको छ, सो अवधिसम्म काम नसके ठेक्का तोडिन्छ। बजेट अभावका कारण निर्माण कम्पनीले काम गरेको रु एक करोड भुक्तानी गर्न सकिरहेका छैनौँ।"

ढोरपाटन नगरपालिकाका कार्यवाहक प्रमुख धनबहादुर कायत (कल्याण) ले सडक समयमा नबन्दा यहाँका हजारौँ नागरिक र आगन्तुकले सास्ती खेप्नु परेको बताउनुभयो। निर्माण कम्पनीलाई समयमा काम सक्न पालिकाले सघाउँदा पनि काम नगरेको उहाँले गुनासो पोख्नुभयो। सङ्घीय सरकार मतहतको आयोजना हुँदा नगरपालिकाले काम गर्न नमिल्ने भन्दै बाढीपहिरोका कारण समयसमयमा सडक बन्द हुँदा खुलाउने काम भने गर्दै आइएको कायतले जानकारी दिनुभयो। सडकका कारण ढोरपाटन आउने हजारौँ पर्यटक बुर्तिबाङबाटै फर्कने गरेका छन्।रासस

# आर्थिक अभाव झेल्दै झलारी आयुर्वेद औषधालय

कञ्चनपुर। शुक्लाफाँटा नगरपालिका १० स्थित झलारी आयुर्वेद औषधालयलाई आर्थिक अभाव हुँदा सेवा बन्द हुने अवस्थमा पुगेका छन्। औषधीको व्यवस्था गर्न नसक्दा सञ्चालन हुँदै आएको पञ्चकर्म सेवा बन्द भएको औषधालयका कविराज जयराम शाहले बताउनु भयो "मालिस तेल बिरामीलाई औषधालयबाट निःशुल्क रुपमा उपलब्ध गराइ पञ्चकर्म सेवा सञ्चालन गर्दै आएका थियौं" उहाँले भन्नुभयो, "तेल खरिद गर्ने आवश्यक बजेट नहुँदा सेवा बन्द गर्नु परेको छ।"



संघीय सरकारबाट अनुदान रकम आउदा विगतमा औषधीको व्यवस्था मिलाउदै आएको उल्लेख गर्नु हुदै उहाँले हाल संघ, प्रदेश र नगरपालिकाबाट थोरै मात्रै बजेट आउदा विरामीको चाप अनुसार औषधी पुरयाउन पनि धौ धौं भएको बताउनु भयो। "केही पुरानो औषधी मौज्दाद हुँदा बिरामीलाई दिदै आएका छौं" उहाँले भन्नुभयो, "केही औषधी सकिएको छ, केही सकिने अबस्थामा पुगेको छ।" संघीय सरकारबाट चालु आबमा रु ८० हजार बजेट मात्रै औषधालय सञ्चालनका लागि आएको छ।

नगरपालिकाबाट बजेटनै विनियोजन गरिएको छ। विनियोजन गर्ने अश्वासन पाईएको औषधालयका कर्मचारीको भनाई रहेको छ।औषधालयमा अम्लपित,पायल्स, उदररोग, स्वासप्रश्वास, बाथ, नशा, छाला सम्बन्धी रोगका विरामी बढी आउने गरेका छन। आब ०८०/८१ मा दुई हजार नौ सय ८९ विरामीले औषधालयबाट सेवा लिएका छन।

औषधालयबाट पुरुष दुई हजार तीन सय ९१ र महिला पाँच सय ९८ ले सेवा लिएका छन। आब ०७९/८० मा छ हजार विरामीले सेवा लिएका थिए। गएको आर्थिक वर्षबाटै बजेटको अभाव हुदा विरामीको सङ्ख्या घटेको बताइएको छ।रासस

# ड्रागन फ्रुट बिक्रीबाट वार्षिक १६ लाख आम्दानी

तनहुँ। जिल्लाको व्यास नगरपालिका-५ ढोडेनीकी किसान कल्पना गौलीले (ड्रागन फ्रुट) सिउँडी फल बिक्रीबाट गत वर्ष रु १६ लाख आम्दानी गर्नुभएको छ। नौ रोपनी क्षेत्रफलमा लगाइएका दुई हजार एक सय बिरुवाबाट उहाँले रु १६ लाख आम्दानी गर्नुभएको हो।ड्रागन फ्रुटका दाना पाक्न थालेपछि टिप्न र बिक्री गर्न यो समयमा भ्याइनभ्याइ हुने गरेको किसान गौलीले बताउनुभयो। 'माँ अम्बे अलौकिक कृषि फार्म' दर्ता गरी विसं २०७९ मा भारतको हैदराबादबाट 'सी' प्रजातिका बिरुवा ल्याएर खेती सुरु गरेको उहाँले जानकारी दिनुभयो।

"मासिक रु २० हजार बुझाउने सम्झौता अनुसार २० वर्षका लागि जग्गा भाडामा लिएर व्यावसायिक रुपमा खेती गर्दै आएको छु", गौलीले भन्नुभयो। अघिल्लो वर्ष रु १६ लाख बराबरको ड्रागन फ्रुट बिक्री गरेको जनाउँदै यस वर्ष फल राम्रो लागेकाले रु २० लाख बराबरको बिक्री हुने अपेक्षा गरेको छु।" "वैशाखदेखि ड्रागन फुल्न सुरु गर्छ, फूल फुलेको ६० दिनको अवधिमा पाक्छ र टिप्नलायक हुन्छ", उहाँले भन्नुभयो, "असारदेखि मङ्सिर छ महिनासम्म फल टिप्न सकिन्छ।" यसवर्ष पहिलो छिमालमा ३५, दोस्रो छिमालमा एक हजार र तेस्रो छिमालमा एक हजार किलोग्राम ड्रागन फ्रुट टिपिसकेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार ड्रागन फ्रुट तेह्र छिमालसम्म टिप्न सकिन्छ।

अधिकांशले फार्ममै आएर खरिद गरी लैजाने गरेका गौलीले बताउनुभयो। बाँकी रहेका फल दमौलीका फलफूल र तरकारी व्यवसायीलाई बिक्री गर्ने गरेको उहाँले जानकारी दिनुभयो। "ड्रागन बिक्रीका लागि अन्यत्र लैजानु परेको छैन्। उत्पादित फल दमौलीमा नै खपत हुने गरेको छ", उहाँले भन्नुभयो।गौलीका अनुसार फार्ममा दैनिक दुई जना कामदारले नियमित रोजगारी पाएका छन्। उत्पादित ड्रागन फ्रुट ग्रेडिङ गरेर प्रतिकिलोग्राम रु पाँचसयदेखि रु सात सयसम्म बिक्री गर्ने गरिएको उहाँले बताउनुभयो।रासस

# गाउँभरि महिलाको सामूहिक रोपाइँ

राँझा। जिल्लाको खजुरा गाउँपालिका-१ राधापुरका महिलाले गाउँभरिको खेतमा सामूहिक रोपाइँ गरेका छन्। रोजगारीका लागि अधिकांश पुरुषले घरछोडेपछि राधापुरका महिलाले सामूहिक रोपाइँ गर्दै आएका हुन्।

रोपाइँ समूहमा आवद्ध २५ महिला एक महिनादेखि गाउँका खेतमा आलोपालो गर्दै रोपाइँमै व्यस्त देखिन्छन्। "घरमा लोग्ने मान्छे छैनन्, भान्सादेखि घरबाहिरको खेती किसानी सबै हाम्रै जिम्मामा छ", धान रोप्दै गर्नुभएकी राधापुरकी ममता विकले भन्नुभयो, "एक्लै खेत रोपेर नसकिने, गाउँमा खेताला पनि नपाइने भएपछि गाउँका दिदीबहिनी मिलेर सामूहिक रोपाइँ सुरु गरेका हौँ।"



महिला दिदीबहिनीले आफ्नो मात्र नभइ मूल्य तोकेर गाउँमा सबैको धान रोपाइँको काम गर्न थालेपछि अहिले खेताला खोज्नुपर्ने झण्झट हराएको उहाँले बताउनुभयो। यसरी सामूहिक रोपाइँ गर्दा काम खोज्ने र कामदार खोज्ने दुवै पक्षलाई सहज भएको उहाँको बुझाइ छ।समूहका सदस्यभित्र प्रति घण्टा रु दुई हजार र समूह बाहिरप्रति घण्टा रु तीन हजारका दरले महिला दिदीबहिनीले रोपाइँ गर्दै आउनुभएको छ। सामूहिक रोपाइँबाट यसवर्षको हालसम्म रु एक लाख ८० हजार आम्दानी भइसकेको समूहकी अगुवा अञ्जली सुनारले जानकारी दिनुभयो। "समूहमा आवद्ध भएर काम गर्दा आफ्नो धान रोपाइँ समयमै हुनुको साथै आर्थिक बचत पनि गर्न सफल भएका छौँ", उहाँले भन्नुभयो, "यो वर्षको अहिलेसम्म रु एक लाख ८० हजार बचत भइसकेको छ, अझै एक हप्तासम्म रोपाइँ गर्दा रु दुई लाख पुग्छ।

"राधापुरको न्याउलीडाँडा निवासी बालसरा सुनारले सामूहिक रोपाइँले गाउँमा खेती किसानीको काममा धेरै सहज भएको बताउनुभयो। "आफ्नो सात कठ्ठा खेतमा धान रोप्ने गरेकामा महिला समूहमा आवद्ध भएपछि यो वर्ष थप १० कठ्ठा खेत अधियाँ लगाएर रोपाइँ गरेको छु", उहाँले भन्नुभयो। "गाउँका अधिकांश युवा रोजगारीको लागि विदेश पलायन भएका छन्, घरमा वृद्ध सासू-ससुरा मात्रै हुनुहुन्छ", स्थानीय समिक्षा खड्का विकले भन्नुभयो, "बच्चाबच्चीको हेरचाह गर्ने, खेती किसानीका साथै परिवारको सम्पूर्ण जिम्मेवारी हेर्नुपर्ने हुन्छ।

यस्तो अवस्थामा समूहमा काम गर्दा सहयोग हुनुका साथै काम छिटो सम्पन्न भएको छ।" विगतमा एक्लै वा एक/दुईजना पर्म लगाउने गरेपनि गतवर्षदेखि महिला समूहमा आवद्ध भएसँगै पर्म खोज्ने झन्झट अन्त्य भएको उहाँले बताउनुभयो।रासस


## अनधिकृत रूपमा आयात गरिएका एक्साइड ब्याट्रीहरू सम्बन्धि सार्वजनिक सूचना

**मिति २०८१/04/06**

सिप्रदी ट्रेडिङ्ग प्रा. लि. भारतको कोलकाताबाट उत्पादन हुने एक्साइड ब्याट्रीको नेपालका लागि एकमात्र आधिकारिक डिष्ट्रिब्युटरको रुपमा कार्य गर्दै आएको र नेपाल भर यस कम्पनीबाट एक्साइड ब्याट्रीहरुको बिक्री वितरण हुने गरेको कुरा अवगत नै छ। विभिन्न माध्यमबाट प्राप्त भएको जानकारी अनुसार अनधिकृत रुपमा आयात गरिएका एक्साइड ब्याट्रीहरु समेत बजारमा बिक्रि वितरण भईरहेकोले कम्पनीको गम्भिर ध्यानाकर्षण भएको छ। यसरी अनधिकृत रुपमा आयात भई बिक्री वितरण गरिएको एक्साइड ब्याट्रीको नेपालमा वारेन्टी नहुने र मर्मत सम्भार गर्नुपर्ने भएमा सो कुरा समेत नहुने भएकोले अनधिकृत रुपमा आयात भएका एक्साइड ब्याट्रीहरु खरिद नगर्नु र नगराउँनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। एक्साइड ब्याट्री सम्बन्धि अधिक जानकारीको लागि एक्साइड ब्याट्रीको प्याकिङ्ग बक्समा रहेको कम्पनीको टोल फ्रि नं. १६६००१५५७७७ (नेपाल टेलिकम) र ९८०१५७५७७७ (एनसेल) मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ। साथै एक्साइड ब्याट्रीको वारेन्टी कार्डमा टाँस गरिएको होलोग्रामको जाँच गरी असली एक्साइड ब्याट्रीको बारेमा जानकारी लिन सकिने व्यहोरा समेत सूचित गरिन्छ।

SIPRADI | EXIDE

वरिष्ठ महाप्रबन्धक
पावर सोलुसन विभाग, सिप्रदी ट्रेडिङ्ग प्रा. लि.
थापाथली, काठमाण्डौ

जनकपुर टुडे

२०८१ साल साउन ६ गते आइतबार (21 July, Sunday, 2024)

दुःखद संयोग !

# उपचार र उद्धारका लागि आएको टोली दाहसंस्कार गरी फर्के

**मनोज माझी ।**

राजविराज । सुस्त मनस्थिति भएका एक युवकको उपचारका लागि उद्धार गर्नु अघि नै मृत्यु भएको छ । पहिचान खुल्न नसकेका अन्दाजी ३५ वर्षीय ती युवकको शनिबार राजविराज- ५ स्थित छिन्नमस्ता अस्पताल अगाडिको सडकमा मृत अवस्थामा फेला परेका छन् ।

सुस्त मनस्थिति भएका ती अपरिचित युवकलाई चोटपटक नलागोस् र अरुलाई दुःख नदिउन भनेर इन्सेक सप्तरीको पहलमा तीन दिन अघि मात्र स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना गरिएको थियो । रेखदेख गर्ने कोही आफन्त नभएकाले उनको उपचार, उद्धार र व्यवस्थापनका लागि इन्सेक सप्तरीका प्रतिनिधि मनोहर पोखरेलले नै पहल लिएका थिए ।

सोही क्रममा उनले सडकमा अलपत्र परेका मानवबाट मुक्त र उनीहरुको उपचार गराइ उचित व्यवस्थापन गर्ने क्षेत्रमा क्रियाशील जनकपुरधाम स्थित मानव सेवा आश्रमका पदाधिकारीहरु संग सम्पर्क गरेका थिए । बेवारिसे अवस्थामा रहेका ती यूवकलाई उद्धार गरेर मानव सेवा आश्रम जनकपुरधाम लैजना शनिबार आश्रमका सचिव सुमन बर्तौला, प्रतिनिधि रणवीर महतो, सन्तोष थापा मगरलगायतको टोली एम्बुलेन्स लिएर राजविराज आइपुगे ।

तर दुःखद संयोग नै भन्नु पर्छ । उपचार तथा उद्धार गर्न आएको टोलीले नै दाहसंस्कार गरी फर्किनु परेको छ । सो टोलीले ती व्यक्तिको उपचारसंगै उद्धार गर्न आएका थिए । तर त्यतिबेलासम्म उनको मृत्यु भइसकेको देखेपछि उद्धारकर्ता टोली आश्चर्यमा परे । उनको पार्थिव शरीर देखेर आश्रमका टोलीमा सहभागी व्यक्तिहरुको पनि आँखा रसाए । इन्सेक प्रतिनिधि पोखरेलका अनुसार गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना गराइएका ती व्यक्ति कुन बेला अस्पतालबाट बाहिरीए भन्ने कुरा डयूटीमा रहेका स्वास्थ्यकर्मीहरुले पनि चाल पाएनन् । रेखदेख गर्ने कोही आफन्त नभएकाले उनको निगरानीमा अस्पतालबाट लापारवाही भएको



उनको कथन छ । अस्पतालमा भर्ना रहेका व्यक्ति सडकमा मृत भेटिनु लापारवाही नै हो उनले भने । मृतकको शव फेला परेको स्थानबाट उक्त अस्पतालको दुरी करिब ८ सय मिटर टाढा छ । उनको शव अहिले पोष्टमार्टमका ल ागि सोही अस्पतालको शव गृहमा राखिएको छ । मृतक व्यक्तिको दाहसंस्कार कसरी गर्ने भन्ने तर्फ आश्रमका टोली सहित आफुहरु खटेको पोखरेलले बताए ।

उनका अनुसार सडकमा अलपत्र परेका ती व्यक्तिलाई पहिलो पटक एक साता अघि सप्तकोशी नगरपालिका कार्यालयले सडकबाट उद्धार गरी गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना गराएको थियो । त्यसपछि कसैलाई थाहै नदिई अस्पतालबाट हिडेका उनको दोश्रो पटक शम्भुनाथ नगरपालिका सडक क्षेत्रबाट वडा अध्यक्ष दुर्गानन्द भगत र स्थानीय समाजसेवी रहमत अलीको सहयोगमा उद्दार गरी अस्पताल भर्ना गराइएको उनले बताए ।

'अस्पतालमा भर्ना रहेका ती युवकलाई उपचारका लागि साउन ५ गते शनिबार जनकपुरधाम लैजाने कुरा अस्पताल प्रशासन समेतलाई जानकारी गराएका थियौं, पोखरेलले भने, 'तर कसैले वास्ता नगर्दा यस्तो दुःखद घटना भयो ।'

उनले उपचार र उद्धारका लागि ती व्यक्तिलाई लिन आएका टोली अहिले उनको अन्त्येष्टि गर्ने व्यवस्था मिलाउन खटिएको बताए । टोलीले शनिबार नै स्थानीय प्रशासन र सुरक्षा निकायका प्रमुखहरुलाई भेटेर ती वेवारिसे व्यक्तिको शव अन्त्येष्टि गर्नमा आवश्यक सहयोगका लागि आग्रह गरेको छ ।

# हिंसा चर्किएपछि बंगलादेशबाट फर्किदैं नेपाली विद्यार्थी

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारी जागिरमा आरक्षणको विरोध गर्दै बंगलादेशमा सुरु भएको विद्यार्थीको प्रदर्शन हिंसात्मक आन्दोलनमा परिणत भएको छ ।

विद्यार्थी आन्दोलन हिंसात्मक रुप लिए पछि त्यहाँ रहेका नेपाली विद्यार्थी स्वदेश फर्किन थालेका छन् ।

मेडिकललगायत विषयमा अध्ययन गर्न बंगलादेश गएका नेपाली विद्यार्थी त्यहाँको पछिल्लो प्रदर्शनले वातावरण अशान्त बनेपछि नेपाल फर्किन लागेका थालेका छन् । उनीहरु स्थलमार्ग हुँदै नेपाल आउन थालेका छन् ।

भारतस्थित नेपाली दूतावासका अनुसार स्थलमार्ग हुँदै नेपालको पूर्वी नाकामार्फत उनीहरू नेपाल फर्किन थालेका छन् । दूतावासका उपप्रमुख डा. सुरेन्द्र थापाले बंगलादेशबाट स्थलमार्ग हुँदै फर्किन लागेका विद्यार्थीलाई सहजीकरण गरिदिन ढाकास्थित नेपाली दूतावासले अनुरोध गरेको जानकारी दिए ।

भारतीय भूमि हुँदै नेपाल आउने विद्यार्थीलाई भारत हुँदै आउनमा भारत सरकारले पनि सहयोग गरिरहेको बताएको छ । अहिलेसम्म बंगलादेश गएका ९६८ भारतीय विद्यार्थी स्वदेश फर्किसकेका छन् । त्यसक्रममा 'नेपाल र भुटानका विद्यार्थीलाई पनि अनुरोधमा भारत प्रवेशमा सहयोग गरिएको' भारतीय विदेश मन्त्रालयले जनाएको छ । '



हामीले नेपाल आउने विद्यार्थीलाई सहजीकरण गर्न भारतलाई आग्रह गरेका थियौं,' उपप्रमुख थापाले भने, 'त्यसलाई उहाँहरूले सहर्ष स्वीकार गर्नु भएको छ ।'

कति नेपाली विद्यार्थी स्वदेश फर्किन लागेका हुन् भन्नेबारे भने यकिन जानकारी भने आफूहरुसँग नरहेको उनले बताए । ' आज नेपाली विद्यार्थी फिर्ता आउन लागेको जानकारी ढाकाबाट आएको थियो,' थापाले भने, 'तर, कति विद्यार्थी आउन लागेको भन्ने जानकारी हामीलाई प्राप्त हुन सकेको छैन ।'

आरक्षण विरोधी विद्यार्थीको प्रर्दशनमाथि सरकारले दमन गर्दा अहिलेसम्म १०५ जनाको मृत्यु भइसकेको छ भने करिब १ हजार ५ सय विद्यार्थी घाइते भएका छन् ।

सरकारी जागिरमा करिब ५५ प्रतिशत आरक्षण दिने व्यवस्था पुनः लागू गर्न बंगलादेशको अदालतले आदेश दिएपछि विद्यार्थीहरू आक्रोसित हुँदै प्रदर्शनमा उत्रिएका छन् ।

परराष्ट्र मन्त्रालयले शुक्रबार विज्ञप्ति जारी गर्दै हालसम्म नेपाली विद्यार्थी सुरक्षित रहेको जनाएको थियो ।

बंगलादेशमा अध्ययनरत्त नेपाली विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्ने तर्फ सरकार पूर्णरुपमा सचेत रहेको उल्लेख गर्दै मन्त्रालयले तत्कालै थप कुनै सहयोग आवश्यक परेमा ढाकास्थित नेपाली राजदूतावासमा सम्पर्क गर्न आग्रह गरेको छ ।

परराष्ट्र मन्त्रालयले जनाए अनुसार करिब ३ हजार नेपाली विद्यार्थीले बंगलादेशमा मेडिकल, डेन्टल र इन्जिनियरिङ क्षेत्रमा अध्ययन गरिरहेका छन् ।

# स्कुल बसको दुरुपयोग

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा तस्करीमा स्कुल बसको दुरुपयोग गरेको पाइएको छ ।

विद्यार्थी बोक्ने स्कुल बसबाट तस्करहरूले सामग्री तस्करी गर्ने गरेको रहस्य खुलेको छ । सिजी ग्रुपले सञ्चालन गरेको वीरगञ्जस्थित दिल्ली पब्लिक स्कुल बसबाट शुक्रबार सशस्त्र प्रहरीले प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्ज भन्सार मेनगेटबाट अवैध रूपमा ल्याएको दुई लाख त्रिसट्ठी हजार सात सय रुपैयाँ बराबरको सामग्री बरामद गरेपछि सो रहस्य खुलेको छ ।

सशस्त्र प्रहरी बल नेपाल १३ हेक्वा पर्साले जनाए अनुसार सशस्त्र प्रहरी बल नेपाल १३ हेक्वाका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्रबहादुर सिंहले दिल्ली पब्लिक स्कुलको प्रदेश २-०३-००१ क ०११६ को बस आफ्ना स्कुलमा अध्ययनरत




विद्यार्थीलाई सीमावर्ती क्षेत्र भारत रक्सौलमा छोडेर नेपाल फर्किने क्रममा सशस्त्र प्रहरी प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगन्ज भन्सार मेनगेटबाट जादैंगरेको अवस्थामा चेकजाँच गर्दा सो परिमाणको सामग्री बरामद भएको बताए ।

सशस्त्र प्रहरी नायब उपरीक्षक सिंहले बरामद गरिएको समान र बसचालक बारा परवानीपुर गाउँपालिका वडा ४ बस्ने वर्ष ४२ को किशोरी राम र सहचालक जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा १२ श्रीपुर बस्ने वर्ष ४२ को दीपक गिरीसहित बसेको मूल्याङ्कन ३० लाख कायम गरी आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको बताए । उनले बस तथा समानको दाबी गर्न कोही पनि नआएको जानकारी दिए ।

दिल्ली पब्लिक स्कुलमा एसइई सरहको भारतीय परीक्षा बोर्डले लिने सेन्ट्रल बोर्ड अफ सेकेन्डरी एजुकेसन (सीबीएसई) गरी दुवै पद्धतिबाट पठनपाठन तथा परीक्षा लिने गरेको गरेको छ ।

# आँखा अस्पतालमा कर्मचारीमाथि दुर्व्यवहार, सात बुँदे माग राख्दै आन्दोलन जारी

**टुडे समाचारदाता**

जनकपुरधाम । जानकी आँखा अस्पतालमा विभिन्न माग राख्दै कर्मचारीहरुले आन्दोलनलाई निरन्तरता दिएका छन् ।

अस्पताल सञ्चालन समितिका सभापति नरेशप्रसाद सिंहले एक्लौटी गरेको भन्दै कर्मचारीहरुले अस्पतालको गुणस्तरीयता, कर्मचारी सेवा सुविधा र अस्पतालमा करारका कर्मचारी भर्ना गरी भएका करोडौं

अस्पताल जस्तो संवेदनशील क्षेत्रमा केही कर्मचारी र पूर्वमन्त्रीसहितको टोलीबीचको घम्साघम्सी सुरु भएपछि धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले छलफलको लागि दुवै पक्षलाई बोलाएका थिए । सो छलफलको क्रममा प्रमुख जिल्ला अधिकारीले कर्मचारीकै पक्षमा केन्द्रित भएपछि पूर्वस्वास्थ्य राज्यमन्त्री समेत रहेका नेकपा एमालेका केन्द्रीय सदस्य रामसिंह यादवले सत्यतथ्य छानबिन गरी




रुपैयाँको अनियमितता छानबिनको माग गर्दै आन्दोलनलाई निरन्तरता दिएका छन् ।

आन्दोलनकै क्रममा शुक्रबार संघीय सरकारका दुई जना पूर्व स्वास्थ्य राज्यमन्त्रीसहित टोलीले अस्पताल घेराउ गरेका थिए । आक्रोशित सो भिडलाई नियन्त्रण गर्न खोजेपछि अस्पतालका एक जना कर्मचारीलाई दुर्व्यवहार गर्दै हातपात समेत गरेको थियो ।

अस्पताललाई बचाउनका लागि गम्भीर हुन आग्रह गरे ।

यता आन्दोलनरत्त कर्मचारीहरुले पटक पटक लामो समयदेखि अस्पतालको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी र कर्मचारीको हकहितसँगै अस्पतालको संरक्षण तथा संवर्द्धनका लागि आवाज उठाउँदै आएको छ ।

आन्दोलित कर्मचारीहरुले सात बुँदे माग राख्दै धर्नामा बसेका छन् ।

# कानून विपरितको निर्णय फिर्ता नलिए प्रतिवाद गर्ने चेतावनी

**टुडे समाचारदाता**

बारा । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कानुन विपरीत गरेको निर्णय फिर्ता नलिए प्रतिवाद गर्ने जीतपुर सिमराका मेयर राजन पौडेलले चेतावनी दिएका छन् ।

केन्द्रमा राजनीतिक सत्ता समीकरण फेरबदल भएसंगै स्थानीय तहमा समेत सोको प्रभाव पर्न थालेको छ ।

सत्ता र शक्तिको दुरुपयोग गरेर नेकपा एमालेका केही नेताको डिजाइनमा प्रमुख प्रशासकीय अधिकृतको कानुन विपरीत दुई महिनामै गरिएको सरुवाले उपमहानगरपालिकाको काम कारबाही प्रभावित पार्ने र विकास निर्माणका योजना अलपत्र हुन सक्ने भन्दै नगरवासीको हित विपरित गरिएका हर्कत सच्चाउन मन्त्रालयलाई मेयर पौडेलले आग्रह गरेका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताको ठाडो निर्देशनमा निजामति सेवा नियमावली २०५० को नियम २७ को सरुवाको व्यवस्था र नियम ३६ को सरुवाको समय तालिका तथा सरुवाको आधारहरु मिचेर प्रमुख प्रशासकीय अधिकृत




उर्मिला काफ्लेको सरुवाको निर्णय गरिएको छ ।

अघिल्लो मेयरको कार्यकालमा करिब अढाई वर्ष जीतपुर सिमरामा प्रमुख प्रशासकिय अधिकृतको भूमिकामा रहेका चेत कुमार पोखरेललाई पुनः उपमहानगरपालिकामा पठाइएको छ । उनी शिक्षा सेवा अन्तर्गतका अधिकृत हुन् । उपमहानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत प्रशासन सेवा अन्तर्गतको सहसचिवको दरवन्दीमा शिक्षा सेवाको अधिकृतलाई मन्त्रीको ठाडो निर्देशनमा ल्याउन खोजेपछि मेयर पौडेलले हाजिरमा नै रोक लगाएका छन् ।

यसअघि जीतपुर सिमरामा बस्दा विभिन्न मुद्दामा विवादित रहँदै आएका अधिकृत पोखरेल नेकपा एमालेबाट निर्वाचित जनप्रतिनिधि मार्फत एमाले संसदीय दलको कार्यालयमा पुगेर पार्टीको निर्देशन अनुसार काम गर्ने प्रतिवद्धता जाहेर गरेपछि उनलाई जीतपुर सिमराको प्रमुख प्रशासकीय अधिकृतमा सरुवा गरिएको स्रोतले जनाएको छ ।

उनले नदी जन्य पदार्थको उत्खनन् र वन पैदावरको निकासीमा गैर कानुनी कार्य गरेको भन्दै डिभिजन वन कार्यालय बारामा परेको मुद्दा अहिले पनि विचराधीन अवस्थामा छ ।

# अवैध काठसहित गाडी नियन्त्रणमा

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा अवैध काठसहित गाडी प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्लाको गुजरा नगरपालिका-४ लालबकैया खोला नजिकबाट सशस्त्र प्रहरीले अवैध काठसहित भारतीय नम्बरको सफारी गाडी नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी एफओबी नियन्त्रणमा लिइएका भारतीय नम्बरको टाटा सफारी जिपसहित १५ लाख ६० हजार रुपैयाँ मूल्य गरी कारबाहीका लागि वन कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल रौतहटका सशस्त्र प्रहरी उपरीक्षक विक्रम हुमागाईंले जानकारी दिए ।

त्यस्तै जिल्ला प्रहरी कार्यालयसहित मातहतका विभिन्न



जंगलसहियाबाट खटिएका गस्ती टोलीले लालबकैया खोला भएर एचपी ३१ सीओ ७७३ नम्बरको भारतीय टाटा सफारी जिपमा अवैध २० क्यु फिट सालको गोली राखेर लगिरहेको अवस्थामा नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरीलाई देख्नासाथ गाडी छाडेर भाग्न सफल भए पनि बेवारिसे अवस्थामा युनिटहरूबाट खटिएका गस्ती टोलीले राजस्व छलेर अवैध रूपमा नेपाल भित्र्याइएका किराना सामानहरू बरामद गरेको छ ।

एक लाख आठ हजार २३५ रुपैयाँ मूल्य बराबरको किराना तथा कपडा लगायतका सामान आवश्यक कारबाहीका लाग गौर भन्सार कार्यालय बुझाएको प्रहरी उपरीक्षक दिलीप घिमिरेले बताए ।

# सीमलताल दुर्घटना : एञ्जल डिलक्सका मालिकसहित १७ को सनाखत

**टुडे समाचारदाता**

चितवन । गत असार २८ गते शुक्रबार दुईवटा बससहित त्रिशूलीमा खसेर बेपत्ता भएका यात्रुहरूको खोजी कार्य अझै पनि जारी छ ।

चिवतन प्रहरीले जनाए अनुसार शनिबारसम्म २५ जनाको शव फेला परेको छ भने अझै ३७ यात्रु बेपत्ता रहेका छन् ।

चितवनको सीमलतालदेखि भारतका नहरसम्म खोज्दा सुरक्षाकर्मीले फेला पारेकामध्ये ८ वटा शवको सनाखत हुन सकेको छैन भने १७ वटा शव सनाखत भएको छ ।

बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्सका मालिक पनि सोही बसमा सवार



थिए । भक्तपुरको चाँगुनारायण-५ का राजेन्द्र लामिछाने सोही बसका मालिक रहेको चितवन प्रहरीले जनाएको छ । उनको शव भारतको बगाहमा फेला परेको छ ।

एञ्जलसहित काठमाण्डुबाट गौर जाँदै गरेको बागमती प्रदेश ०३-२४९५ ख ००१ नम्बरको गणपति डिलक्स सिमलतालमा पहिरोसँगै बगेरको थियो ।

बेपत्ता यात्रुको खोजीमा शनिबारदेखि भारतको खोज तथा उद्धार टोली पनि खटिएको जनाइएको छ ।

# आरोपीलाई पक्राउ गर्न माग

**टुडे समाचारदाता**

राजविराज । अदालतको परमादेश पछि दर्ता भएको मुद्दाको आरोपीलाई पक्राउ गर्न प्रहरीले सक्रियता नदेखाएको भन्दै पीडितले प्रहरीमाथि आरोप लगाएको छ ।

सप्तरीको राजगढ गाउँपालिका- ३ का श्यामनारायण यादवले शनिबार पत्रकार सम्मेलन गरी प्रहरीले अदालतको आदेशलाई समेत अवहेलना गरेको आरोप लगाउँदै तत्काल आरोपीलाई पक्राउ गर्न माग गरेका छन् ।

उनले व्यापार, व्यवसायको नाममा छिमेकी डा. विवेककुमार झाले २५ लाख रुपैयाँ सापटी लिएको चार वर्ष हुन लाग्दासमेत एक सुको फिर्ता नगरेको भन्दै रकम असुल उपरका लागि अविलम्ब उनलाई पक्राउ गरी आवश्यक कानुनी कारबाही प्रक्रिया अघि बढाउन माग समेत गरेका छन् । उनले २०७७ सालमा डा. झाले लिएको रकमवापत दिएको




चेक खातामा रकम नभई वाउन्स भएको र बैंकिंग कसुरको जाहेरी लिएर जिल्ला प्रहरी कार्यालय सप्तरीमा जाँदा दर्ता गर्न आलटाल गरेपछि न्यायको लागि अदालतको शरणमा पुगेको बताए । सो क्रममा उच्च अदालत जनकपुर-राजविराज ईजलाश समक्ष पुग्दा अदालतबाट परमादेश जारी भई गत असार १० गते मात्र प्रहरीले बैंकिंग कसुरमा मुद्दा दर्ता गरेको उनको कथन छ ।

प्रहरीले मुद्दा दर्ता गरे पनि अनुसन्धानका लागि डा. झालाई अहिलेसम्म नियन्त्रणमा नलिएको उनको भनाइ छ । लामो समयसम्म वैदेशिक रोजगारीको शिलशिलामा मलेशियामा दिनरात खटेर जोडेको पैसा ठगेर डा. झाले बिच्चली बनाएको उनले पीडा पोखे ।

'दुई वटा छोरीको विहे गर्ने उमेर भइसक्यो, रकम नहुँदा बिहेवारीको कुरा पनि रोकिएको छ, उनले भने- यति मात्र होइन घर परिवार चलाउन पनि समस्या भएकाले अदालत र प्रहरी हुँदै सञ्चारकर्मी माझ आइपुगेका छौ ।'

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक ढुण्डीराज न्यौपानेले अदालतको परमादेशबाट दर्ता भएको मुद्दा उपर कुनै भेदभाव न गरी प्रहरीद्वारा आवश्यक अनुसन्धान भइरहेको बताएका छन् । उनले अनुसन्धानका क्रममा डा. झालाई एक पल्ट झिकाईएको र बयानका क्रममा उनले त्यस्तो लेनदेन नगरेको चेक समेत नदिएको भनि दावी गरेकाले चेक हस्ताक्षर परिक्षण गर्ने काम भइरहेको बताए । निष्पक्ष ढंगले अनुसन्धान कार्य अघि बढेको दाबी गर्दै उनले हस्ताक्षर प्रमाणिकरण कार्य सकिए पछि दोषी देखिएकालाई कानुन बमोजिम कारबाही हुने प्रतिबद्धता समेत व्यक्त गरे ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८